लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १८, अंक १३, २०८१ कार्तिक १६ गते शुक्रबार (Nov. 1, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## विज्ञापन बोर्ड कार्यसम्पादनमा उत्कृष्ट

काठमाडौं/ गत आर्थिक बर्षको कार्य सम्पादनमा विज्ञापन बोर्ड उत्कृष्ट भएको छ। नेपाल सरकार र बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईंबीच भएको कार्य सम्पादन सम्झौतामा बोर्ड उत्कृष्ट भएको हो।

समिक्षा बैठकमा आर्थिक बर्ष २०८०/०८१ को कार्य सम्पादनमा बोर्ड उत्कृष्ट भएको जानकारी गराइएको थियो। यसैगरी रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), राष्ट्रिय समाचार समिति र मुद्रण विभागलाई समेत उत्तम घोषणा गरिएको बताइएको छ।विज्ञापन बोर्डले विज्ञापन बजारको नियमनको कार्य गर्दै आएको छ। बोर्डले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ मा पहिलो संशोधन गरी विज्ञापन बजारलाई पारदर्शी बनाउने कार्य गरेको छ। २०७८ सालमा स्थापना भएको बोर्डले विज्ञापन बजारमा रहेको ९० प्रतिशतसम्मको चुहावटलाई रोक्न, सञ्चार माध्यमलाई विज्ञापनको दर तोक्न र तोकिएकै दरमा कारोबार गर्न निर्देशन दिँदै आएको छ।

बाँकी ७ पृष्ठमा

# दैलो चहार्दै रास्वपा

## ■ रवि थुनामै ■ दलहरु चुनावी तयारीमा

भक्तपुर/ नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) जस्ता दलहरुबाट पार नलाग्ने भन्दै स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पछिल्लो समयमा आएर तिनै दलहरुको दैलो चहार्ने अवस्थामा पुगेको छ। रास्वपाका सभापति रवि लामिछाने काण्डैकाण्डमा मुछिने क्रम जारी रहेको अवस्थामा रास्वपाका अरु नेताहरु ठूला भनिएका दलहरुको दैलो चहार्न थालेका हुन्। मुलुकको परिवर्तनको वाहक आफूलाई ठान्ने तथा अरुभन्दा आफू एकदमै जान्ने ठान्दै आएका रास्वपाका नेताहरु अहिले आएर लामिछानेका काण्डहरुका कारण टाउकोमा हात लगाउन बाध्य अवस्थामा पुगेका छन्। उनीहरुको मुख्य ध्याउन्न नै लामिछानेका काण्डहरुलाई कसरी ढाकछोप गर्न सकिएला भन्नेमा केन्द्रित हुन थालेको छ।




नागरिकता, राहदानी लगायतका काण्डैकाण्डमा फस्दै आएका लामिछाने पछिल्लो समयमा सहकारी काण्डमा फसेका छन्। जनताको प्रत्यक्ष लगानी तथा बचतसँग जोडिएको सहकारीहरुबाट करोडौं रकम अपचलन गरेको आरोपमा लामिछानेमाथि अनुसन्धान चलिरहेको छ। यस्तो अवस्थामा उनी प्रहरीको अनुसन्धानकै क्रममा अदालतबाट आदेश पाएर हिरासतमा रहेका छन्।

सहकारी ठगी प्रकरणमा परेका लामिछानेलाई दुई पटक गरी १३ दिन हिरासतमा राखी अनुसन्धान गर्नका लागि कास्की जिल्ला अदालतले आदेश दिएको अवस्था छ। सोही कारण उनी कास्की प्रहरी कार्यालयमा हिरासतमा रहेका छन्। उनी प्रक्राउ परेका दिनदेखि पोखरामा आन्दोलनमा सो दलका नेता कार्यकर्तालाई उत्रिन लामिछानेले आदेश दिएका थिए। उनको आदेशको पालना गर्दै देशैभरीबाट रास्वपाका नेता कार्यकर्ताहरु पोखरामा ओइरिएका थिए।

पोखरामा उत्रिएका उनीहरु एकदमै अराजक अवस्थामा देखिएका थिए। उनीहरुले प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली लगायतका नेताहरुको चर्को आलोचना गरेका थिए। आलोचना गर्ने क्रममा लामिछानेले नै धैर्य गुमाएका थिए। उनले पोखरामा वर्तमान सरकार, प्रधानमन्त्रीको आलोचनामात्र गरेनन् कि न्यायपालिका नै प्रभावित पार्ने गरी आफ्ना समर्थकहरुलाई सडकमा उत्रित आह्वान गरे।

लामिछानेमाथि अन्याय भएको भनी कुर्लने कार्य सो दलका सांसदहरुले पनि पोखरामा गरेका थिए। उनीहरुले पोखरामा घरघरबाट प्रदर्शनीमा उत्रिन आह्वान गरे पनि पोखराका शान्त जनताले उनको आह्वानलाई खासै महत्व दिएनन्। बरु पोखरेली जनता आफूहरु सहकारी ठगहरुको कारण विल्लीबाठमा परेको भनी लामिछाने लगायतमाथि कारबाही हुनुपर्ने पक्षमा उत्रिएका थिए।

यसरी जनता विपक्षमा उत्रिन थालेपछि रास्वपाका नेताहरुले लाज जोगाउनका लागि काठमाडौं केन्द्रित प्रदर्शनी गर्न थालेका छन्। काठमाडौंको प्रदर्शनीमा पनि जनताले खासै महत्व नदिएको चर्चा चलेको छ। यसो हुनुमा रास्वपाका सांसदहरु तथा नेताहरु एकदमै तल्लोस्तरमा उत्रिएको भनी गुनासो हुनु हो। यसैगरी रास्वपाका नेताहरुको दोहोरो भूमिकालाई लिएर पनि आलोचना हुन थालेको छ। सडकमा प्रदर्शनीमा उत्रिँदा कांग्रेस, एमालेका नेताहरुको खैरो खन्ने अनि राति राति सोही दलका नेताहरुको दैलो चहार्ने कार्य उनीहरुबाट भैरहेको छ। प्रधानमन्त्री ओलीको विरुद्धमा सडकमा आगो ओकल्दै राति राति भने प्रधानमन्त्री निवासमा पुगी लामिछानेलाई जसरी पनि जोगाई दिनुपर्‍यो भनी अनुनयविनय गर्न उनीहरु लागि परेको अवस्था छ।

यसैगरी कांग्रेसका नेता एवम् गृहमन्त्री रमेश लेखक, महामन्त्री गगनकुमार थापादेखि सभापति शेरबहादुर

बाँकी ७ पृष्ठमा

## बन्द होलान् त अवैध क्रसर उद्योग ?



सिन्धुपाल्चोक/ सिन्धुपाल्चोक जिल्लामा सञ्चालनमा रहेका क्रसर उद्योगको स्थलगत अनुगमन शुरु गरिएको छ।

जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठ, उपप्रमुख पदमनाथ नेपाल, प्रमुख जिल्ला अधिकारी किरण थापा, जिल्ला प्रहरी प्रमुख सन्तोष खड्का, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख राजन प्रजापति, सशस्त्र प्रहरी बलका प्रमुख राजेश्वर खनालको सहभागितामा सोमबार अनुगमन गरिएको हो।

सो अनुगमनमा उद्योग तथा वाणिज्य कार्यालय सिन्धुपाल्चोकका प्रमुख त्रिपुरारी बखेल, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रकाश आचार्य, जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका निमित्त जिल्ला समन्वय अधिकारी

बाँकी ७ पृष्ठमा

## राष्ट्रिय मातृभूमि पार्टी भ्रष्टाचारीको विरोधमा

काठमाडौं/ राष्ट्रिय मातृभूमि पार्टीले एक समारोह गरी शुभकामना आदानप्रदान तथा राजनैतिक विषयमा छलफल गरेको छ। पार्टीका अध्यक्ष रामशरण पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा रमेश खरेल, पार्टीका महासचिव गोविन्द गिरी, वरिष्ठ नेता क्याप्टेन के.बी. लिम्बु लगायतका नेता तथा कार्यकर्ताहरुको बाक्लो उपस्थिति रहेको सो पार्टीद्वारा जारी प्रेस नोटमा जनाइएको छ।



पार्टीले पछिल्लो समय भ्रष्टाचार विरोधी अभियानहरु तीब्र रुपमा अगाडि बढाइरहेको छ। चियापानसहितको शुभकामना आदानप्रदान कार्यक्रममा पार्टीका अध्यक्ष, महासचिव तथा बरिष्ठ नेताले सम्बोधन गरेका थिए।

बाँकी ७ पृष्ठमा

## सिमेन्ट उद्योगको निजीकरणविरुद्ध एमाले



काठमाडौं/ सरकारी स्वामित्वमा रहेको देशकै सबैभन्दा ठूलो सिमेन्ट उद्योगका रुपमा परिचित उदयपुर सिमेन्ट उद्योगलाई निजीकरण गर्न नहुने निष्कर्ष नेकपा (एमाले) उदयपुरले निकालेको छ।

उदयपुर प्रतिनिधी सभा क्षेत्र नं.२ का सांसद अम्बरबहादुर रायमाझीको पहलमा भएको सिमेन्ट उद्योगका उच्च अधिकारी र नेकपा (एमाले) उदयपुरको नेतृत्वबीच भएको छलफलमा उद्योगकालाई निजीकरण गर्न नहुने निष्कर्ष निकालिएको हो। छलफलमा उद्योगलाई कसरी बचाउने र आगामी दिनमा निजीकरण हुनबाट कसरी जोगाउने भन्ने विषयमा गम्भीर छलफल भएको एमाले उदयपुरका अध्यक्ष भागवत राउतले जानकारी दिए।

सिमेन्ट उद्योग आर्थिक रुपमा जर्जर अवस्थामा पुगेको र उद्योगले करिब दुई अर्ब रुपियाँ तिर्नुपर्ने दायित्व बोकेर हिँडिरहेको जानकारी दिँदै उद्योगका निमित्त महाप्रबन्धक महेशप्रसाद साहले उद्योग निजीकरण हुनबाट जोगाउनुपर्ने धारणा राखे। उनले सामान्य खर्च पनि गर्न नसक्ने अवस्थाबाट उद्योग चलिरहेकोतर्फ सबैले चिन्ता लिएर उद्योगलाई बचाउन जरुरी रहेको बताए। साहका अनुसार २०८१ साउन ६ गतेसम्मको तिर्नुपर्ने बाँकी दायित्वमा कर्मचारीहरुको तलव र नागरिक लगानी कोषको १२

बाँकी ७ पृष्ठमा

## संशोधनविरुद्ध संघर्षको चेतावनी

महोत्तरी/ संयुक्त मधेश संघर्ष समितिले महोत्तरीको जलेश्वरमा नेपाली काँग्रेस र नेकपा (एमाले) द्वारा प्रस्तावित संविधान संशोधनको विरुद्ध खबरदारी सभा गरेको छ।

प्रतिनिधि सभाबाट समानुपातिक समावेशी प्रतिनिधित्व हटाउने, थ्रेसहोल्डलाई १० प्रतिशतसम्म बढाउने, राष्ट्रियसभाको वर्तमान प्रतिनिधित्वको स्वरुप बदल्ने जस्ता कुरालाई संविधानको प्रतिगामी संशोधनको प्रस्ताव भनेको छ। पहिचानमा आधारित प्रदेशको सीमांकन,पूर्ण समावेशी समानुपातिक पद्धति र निर्वाचन क्षेत्रको रुपमा प्रदेश, थ्रेस होल्डको समाप्ति, राष्ट्रिय सभाको वर्तमान स्वरुपमै जनसंख्याको हिसाबले प्रदेशहरुबाट प्रतिनिधित्व, प्रादेशिक राजनीतिक दलहरुको मान्यता तथा राज्यका अंगहरुमा समानुपातिक समावेशी उपस्थिति संयुक्त मधेश संघर्ष समितिका मांगहरु रहेका बताइएको छ।




समितिमा तराई-मधेश लोकतान्त्रिक पार्टी, मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल, नेपाल सद्भावना पार्टी, जनअधिकार पार्टी र एकीकृत समाजवादी पार्टीका समान विचारका नेताहरू सामिल रहेका बताइएको छ। समितिले यसअघि भाद्र ३१ गते धनुषाको जनकपुरधाममा पहिलो खबरदारीसभा गरेको थियो। तराईको ठूलो पर्व छठ सकिने बित्तिक्कै सबै जिल्लाहरु खबरदारीसभा सम्पन्न गर्ने र त्यसपछि कार्यक्रमको अर्को चरणमा प्रवेश गर्ने तमलोपाका प्रचार विभाग प्रमुख उमेश मण्डलले बताए। खबरदारीसभामा बोल्दै पूर्वमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का नेता मातृकाप्रसाद यादवले तराईका नेताहरुले कसैले देला र पाइएला भन्ने लालच छोडेर संघर्षमा सहभागी हुनु पर्दछ भने। उनले अहिलेको सरकार मधेश दबाउने र राज गर्ने नीतिमा चलेको आरोप लगाए। तमलोपाका अध्यक्ष तथा पूर्व

बाँकी ७ पृष्ठमा




## नेता, कर्मचारी र व्यापारी लुट्ने, विदेशमा उफ्रिने !

हाम्रो समाजमा ‘ठूलालाई चैन, सानालाई ऐन’ भन्ने गरिएको छ। २०६६ जेठ ११ गते माधवकुमार नेपाल प्रधानमन्त्री बने। बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गरिदिने निर्णय उनकै मन्त्रिपरिषद्ले गरेको थियो। कालोपुल र काभ्रेको रोपनीका रोपनी जग्गा व्यक्ति तथा व्यवसायीलाई दिने पनि निर्णय गरियो।

त्यस्तै, बाबुराम भट्टराई २०६८ भदौ १२ गते प्रधानमन्त्री भए। उनले पनि ललिता निवासको सरकारी जग्ग व्यक्तिको नाममा पास गरिदिने निर्णय गरे। योसँगै थानकोट र मातातीर्थको रोपनीका रोपनी सरकारी जग्गा व्यक्तिको नाममा पास गरिदिने निर्णय गरे।

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले पनि २०७८ बैशाख ७ र १३ गते मन्त्रिपरिषद् बैठकमार्फत झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा व्यक्तिको नाममा पास गरिदिने निर्णय गराए। यी तीनैजना अहिले पनि राजनीतिमा सक्रिय छन्। वर्तमान सरकारमा ओली नै प्रधानमन्त्री छन्।

स्वर्गीय भइसकेका कृष्णप्रसाद भट्टराई, सूर्यबहादुर थापा, मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाले पनि आफू प्रधानमन्त्री हुँदा सरकारी तथा गुठीका जग्गा व्यक्तिको नाममा पास गरिदिने निर्णय गरेका थिए। नक्सालस्थित बाल मन्दिरको सरकारी जग्गा पनि व्यक्तिको नाममा दर्ता गराइयो।

प्रसङ्गवश



रुषा थापा

ललिता निवासको सरकारी जग्गा दर्ता गराउने वा गर्ने व्यक्तिहरुलाई अझै पनि सरकारले समात्न सकेको छैन जबकि अदालतले उनीहरुलाई दोषी ठहर गर्दै कैद र सजाय नै सुनाइसकेको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा काँग्रेस नेतृ एवं परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा पनि पोलिने संभावना रहेको भनी चर्चा चलेको थियो।

सहकारी ठगीको आरोप लागेका माओवादी नेता शक्तिबहादुर बस्नेत र रास्वपा नेता डि.पी. अर्याललाई पनि प्रहरीले समात्न सकेको छैन। काँग्रेस नेता धनराज गुरुङ र एमाले नेता ऋषिकेश पोखरेलमाथि पनि सहकारी ठगीको अभियोग छ यद्यपि उनीहरु समातिन सकेका छैनन्। राप्रपा नेतृ गीता बस्नेतविरुद्ध त सहकारी ठगीमा पक्राउपुर्जी नै जारी भइसक्यो।

राजनीतिक दलका उच्च पदस्थमा रहेका यी व्यक्तित्वलाई गृहमन्त्री रमेश लेखकले पक्राउ गर्न हालसम्म प्रहरीलाई निर्देशन दिएका छैनन्। मन्त्री वा सांसद हुँदा नेताहरुले भ्रष्टाचार गरेर अकुत सम्पत्ति जोडेको आरोप छ। त्यस्तै, काँग्रेस, माओवादीलगायत राजनीतिक दलका नेतासँग अकुत सम्पत्ति रहेको बताइन्छ।

अहिले जुनसुकै पार्टीका नेताहरुको सम्पत्ति छानविन गरेमा सबै भ्रष्टाचारमा पर्ने छन् किनकि यिनीहरुले आफ्नो दश पुस्तालाई पुग्ने सम्पत्ति आयआर्जन गरिरहेका छन्। फेरि त्यसको स्रोत भने खुलाउन सक्दैनन्। केही

बाँकी ७ पृष्ठमा



# नागरिकले महसुस गर्न नसकेको सरकारको प्रगति

डा. चन्द्रमणि अधिकारी

विकास बारे फरक मान्छेका फरक धारणा र बुझाइ हुनसक्छ। कहिलेकाहीं त विकासका विषयमा सरकारको भनाइ र गराइ तथा जनताको बुझाइ एवं अनुभूति बीच तालमेल मिलिरहेको हुँदैन। सरकार आफू क्रियाशील रहेको र जनताप्रति समर्पित रहेको कुरा सम्प्रेषित गरिरहेको हुन्छ तर यथार्थमा त्यस्तो भएको हुँदैन। तर नतिजा र जनअनुभूतिको आधारमा विकासको बुझाइ एउटै हुनुपर्ने हो।

जसरी हालै प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको १०० दिनको प्रगति प्रस्तुत गर्नुभयो। उहाँले सरकारले वितेको १०० दिनमा लिएका नीति तथा गरेका र गरिरहेका कार्यक्रम, काम तथा क्रियाकलापका लामो सूची प्रस्तुत गर्नुभयो। यद्यपि सरकारले यो १०० दिनमा पृथक् ढंगले काम गरेको र सेवा-सुविधाको प्रभावकारिता बढेको अनुभूति आम नागरिकले गर्न सकेका छैनन्।

अर्थतन्त्रको आन्तरिक पक्षहरू कमजोर नै छन्। लगानी, पूँजीगत खर्च, उत्पादन, नागरिकको आय र सरकारको राजस्व र पूँजी बजारमा देखिएका समस्या र चुनौती यथावत् छन्। आयात र निर्यात दुवै खुम्चिएका छन्।

रोजगारी र उच्च शिक्षाको लागि विदेश जानेको संख्यामा कमी आएको छैन। जनताले पनि सरकारले गरेका भनेको प्रगति र विकासको गति र नतिजाको अनुभूति गरेका पनि छैनन्।

खासगरी विकासोन्मुख तथा अल्पविकसित देशमा विकासको गति, अनुभूति र यथार्थता बारेमा यस्ता भ्रमहरू देखिने गर्छन्। यसका पछाडि मूलतः तीन कारण हुन सक्दछन्।

नागरिकको अभिमतबाट निर्वाचनबाट आएका दलहरूले बनाएका सरकारहरूले यो गम्भीरतालाई बुझ्न सकेनन् भने जनताको सरकारप्रतिको आशा र भरोसा टुट्न सक्छ।

पहिलो, विकास बारे बुझाइमा रहेको भिन्नता।

दोस्रो, सरकारले गरेका विकाससँग जोडिएका कार्यको समीक्षा र मूल्याङ्कन त्रुटिपूर्ण भएको हुन्छ। कर्मचारीतन्त्रले वित्तीय तथा भौतिक प्रगतिको नाममा गरेको समीक्षाका सूचकहरू हचुवा, अवैज्ञानिक तथा मनोगत हुन्छन्। कागजमा मात्र प्रगतिका अंकहरू देखिने सूचकहरूले नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकेका हुँदैनन्। तेस्रो, जनताले अनुभूति गर्न सक्ने गरी काम हुनै नसकेको अवस्था वा प्राथमिकता र साधनको प्रयोग नै गलत भएको अवस्था हुन्छ। नेपालको सम्बन्धमा कहीं न कहीं यी तीनवटै कारणले काम गरेको देख्न सकिन्छ। यस पृष्ठभूमिमा विकाससँग जोडिएका कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्दा सामान्यतया तीन किसिमका तथ्य र जानकारीलाई आधार मानिनुपर्दछ।

पहिलो, कार्यक्रम तर्जुमा र परियोजना निर्माण गर्दा निर्धारित गरिएका लक्ष्यहरूसँग जोडिएका प्रकाशित वा अप्रकाशित संख्यात्मक तथ्यहरूमा आधारित हुनुपर्छ।

दोस्रो, जनताले पाउने सेवा-सुविधाका विषयसँग जोडिएका सम्भावित लाभग्राहीहरूसँगको तत्कालीन अभिमत सर्वेक्षण समावेश गर्नुपर्छ।

तेस्रो, आम अनुभूति समावेश गर्न सक्नुपर्छ।

तसर्थ, विकासको गति र गन्तव्यको मूल्याङ्कन गर्नु अगाडि यथार्थमा विकास के हो भन्ने बुझ्नु आवश्यक छ। आजभोलि जनता र सरकारसँग सम्बद्ध पक्षहरूले समेत संरचना र पूर्वाधार निर्माण गर्नुलाई विकास हो भनेर धारणा बनाउने प्रवृत्ति बढेको छ।

तर वास्तवमा आवासीय तथा व्यावसायिक भवनहरू, ठूला र फराकिला सडक, ठूला-साना नहर, जलविद्युत् गृह, ट्रान्समिसन लाइन, हवाई अड्डाहरू, रेलवे, खेल मैदान र स्टेडियम, अस्पताल र विद्यालय भवन आदि बनाउनु भनेको विकासको लागि आधार तयार गर्नु हो, विकासमा जाने बाटो बनाउनु हो। यो आफैंमा विकास होइन, विकासका प्रक्रियाका चरण र पाइलाहरू मात्र हुन्।

अझ त्यसमा पनि सीमित व्यक्तिले प्रयोग गर्ने आकाश छुने महल, डाँडाको टुप्पामा अग्ला टावर तथा उपयोगिता, आवश्यकता र स्रोतको उपलब्धताको मूल्याङ्कन नगरी भौतिक र सामाजिक पूर्वाधारहरूको निर्माण गर्ने कार्यले देशलाई उल्टो दिशातर्फ पो धकेलिदिन सक्दछ।

यद्यपि भौतिक र सामाजिक पूर्वाधारहरूको निर्माण विकासको लागि अनिवार्य शर्त भएको हुँदा आवश्यकताका आधारमा निर्माण हुने पूर्वाधार र विकासबीच भने गहिरो सम्बन्ध रहन्छ। पर्याप्त, गुणस्तरीय तथा दिगो पूर्वाधारले विकासलाई अपेक्षित प्रतिफल प्राप्त हुने गन्तव्यमा पुग्न सहयोग गर्दछ। सही दिशा र गन्तव्य समातेको विकास वा परिवर्तनले थप पूर्वाधारको सिर्जना गर्न सहयोग पुर्‍याउँछ।

पूर्वाधार-पूर्वाधार बीचको अन्तरसम्बन्ध र अन्तरनिर्भरता पनि महत्वपूर्ण पाटो हो। जस्तै, सिंचाइको उपलब्धताले उत्पादकत्व बढ्यो भने उत्पादनलाई बजारसम्म पुर्‍याउन वा प्रशोधनस्थलसम्म पुग्याउन ढुवानीको भरपर्दो संरचना र साधनको आवश्यकता पर्दछ।

थप मूल्य सिर्जना गर्न प्रशोधन वा स्वरूप परिवर्तनको आवश्यकता हुन्छ, जसमा शक्तिको प्रयोग अपरिहार्य हुन्छ, त्यसको लागि विद्युत् सम्बन्धी पूर्वाधारको आवश्यकता पर्दछ।

यसैगरी अनुसन्धान, उत्पादन, भन्डारण, प्रशोधन तथा बजारीकरण बीचको चक्रीय सम्बन्धलाई गतिशील बनाइराख्न सूचना सम्बन्धी पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्दछ। यी सबै क्षेत्रबाट उत्पादन र आय क्षमतामा भएको बढोत्तरीले देखाएको नतिजा सहज दिशातर्फ उन्मुख गराउन सामाजिक क्षेत्रमा पनि भौतिक र गैरभौतिक पूर्वाधारको आवश्यकता पर्दछ।

उदाहरणको लागि नागरिकको बढेको आयलाई शिक्षा र स्वास्थ्यका क्षेत्रमा खर्चगरी जीवनलाई अझ सहज तथा गुणस्तरीय बनाउन शिक्षा र स्वास्थ्य सम्बन्धी संस्थागत तथा भौतिक पूर्वाधार चाहिन्छ। स्वास्थ्य सम्बन्धी सुविधा र सेवा प्रदान गर्ने भवन, ल्याबरोटरी, सामग्री र औजारको आवश्यकता पर्दछ।

नेपालको सन्दर्भमा कुरा गर्दा मूलतः ऊर्जा, यातायात, सिंचाइ र प्रविधिजन्य तथा सामाजिक पूर्वाधारको अवस्था अझै पनि नाजुक छ जसले गर्दा नागरिकको जीवनमा आउनुपर्ने सकारात्मक परिवर्तनको गति सुस्त देखिन्छ।

उदाहरणको लागि हालै असोज ११ र १२ गते परेको उच्च वर्षाले काठमाडौं उपत्यकालाई बाहिरी क्षेत्रसँग जोड्ने सबै आवतजावत गर्न नसकिने अवस्था भई पूर्ण नाकाबन्दी गरिदिएको घटनालाई लिन सकिन्छ। वास्तवमा यी क्षेत्रका पूर्वाधारहरू ठिकठाक भएमा मात्र विकासको गन्तव्यमा पुग्ने यात्राले गति लिन्छ, अनि विकासको अनुभूत गर्ने बिन्दुमा चाँडो पुगिन्छ।

स्रोतको समुचित वितरण, उपयुक्त क्षेत्रमा लगानी, लगानी तथा उत्पादनको प्रकृति अनुरूपको प्रविधि तथा संस्थागत संरचनाले काम गर्ने प्रक्रिया अगाडि बढाउन सकियो भने व्यवसाय फस्टाउँछ, जनताको हातमा काम आउँछ, कामले गोजीमा दाम हालिदिन्छ।

हामी सबैलाई थाहा छ, विकासको सरोकार जनसंख्या वा नागरिक र भूगोलसँग हुन्छ। लक्ष्यको अन्तिम विन्दु जनताको खुशी हो, जनसन्तुष्टि हो। यसरी लक्ष्य भेदनबाट प्राप्त खुसी जरोसम्म पुगेको हुन्छ, गन्तव्यमा पुग्नको लागि वैज्ञानिक आधारमा निर्मित पद्धति र प्रक्रियाको आवश्यकता पर्दछ।जनसरोकार र पद्धतिको विषयलाई साधनले जोड्दछ। यिनै कुराको जगमा उभिएर निश्चित पद्धति तथा प्रक्रिया अनुरूप गरिएको कार्यले विशिष्ट चरित्रको नतिजा दिन्छ। स्रोतको समुचित वितरण, उपयुक्त क्षेत्रमा लगानी, लगानी तथा उत्पादनको प्रकृति अनुरूपको प्रविधि तथा संस्थागत संरचनाले काम गर्ने प्रक्रिया अगाडि बढाउन सकियो भने व्यवसाय फस्टाउँछ, जनताको हातमा काम आउँछ, कामले गोजीमा दाम हालिदिन्छ। यसरी काम, दाम र नाम भयो भने समाज उन्नयनतर्फ अघि बढ्दछ।

विकास त्यसै हुने विषय होइन। यसका लागि विभिन्न तत्वहरू जिम्मेवार रहन्छन्। परिवार तथा व्यक्तिको विकासका लागि उनीहरूलाई आवश्यक सेवा-सुविधा पर्याप्त, उपयुक्त र गुणस्तरयुक्त ढंगले यथोचित समयमा उपलब्ध हुनुपर्दछ। जीवनलाई सफल बनाउन आवश्यक पर्ने अवसरमा पनि न्यायसंगत पहुँच हुनुपर्दछ। यस्ता सुविधा र अवसर प्राप्त हुने अवस्था सिर्जना गर्नु राज्यको प्रमुख दायित्व हो।

यसको लागि परिवार तथा व्यक्तिको बहुआयामिक विकासको लागि खाद्य सुरक्षा, सुरक्षित आवास, यथोचित रोजगारी तथा आय आर्जनका अवसरहरू, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, जीवनोपयोगी एवं गुणस्तरीय शिक्षा र सीप, प्राकृतिक विपद्बाट सुरक्षा दिने खालका बस्ती तथा बजारहरू, औद्योगिक क्षेत्रहरू, पैदल यात्री, साइकल यात्री र अशक्तहरूलाई समेत अनुकूल हुने फराकिला सडक तथा पुल-पुलेसाद्वारा सहज र सुरक्षित बनाइएका यातायात सेवा, स्थानीय उत्पादनमा आधारित उद्योगधन्दा, वैज्ञानिक र व्यावसायिक कृषि प्रणाली र सुशासन एवं सुरक्षा समेत नभई नहुने विषय हुन्। यो कुराको सुनिश्चितता पछि मात्र समाजवादउन्मुख समतामूलक समाज निर्माण गर्ने कार्यलाई गति दिन सकिन्छ।

माथि भनिएका कार्य सम्पन्न गर्नको लागि राज्यको साझेदारका रूपमा चिनिएका सरकार, निजी क्षेत्र र सहकारीमा आधारित समुदायको संयुक्त प्रयासको आवश्यकता पर्दछ। तीनवटै पक्षको पूँजी, प्रविधि, सीप र श्रमलाई एक ठाउँमा ल्याएर उच्चतम प्रयोग गर्न सक्नुपर्दछ।

यसमा प्रमुख भूमिका भने तीन तहका सरकारहरूले खेल्नुपर्दछ। राज्यको संरचना र शक्तिको बाँडफाँटको दृष्टिले संघको भूमिका साधनको जोहो गर्ने, नीतिगत वातावरण निर्माण गर्ने तथा तल्ला दुई तहले गर्न नसक्ने पूर्वाधार निर्माण, रक्षा र सुरक्षा तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ गर्नमा केन्द्रीकृत हुनुपर्दछ।

प्रदेशले प्रादेशिक तहको नीति निर्माण एवं संघ तथा स्थानीय तहहरूको कार्यलाई समन्वय, संयोजन र सहजीकरण गर्ने कार्यमा अहं भूमिका निर्वाह गर्न सक्दछन्। जनतालाई दैनिक जीवनमा अत्यावश्यक सेवाको प्रवाहमा कार्यान्वयनगत भूमिका भने स्थानीय तहको बढी हुन्छ। सातवटै प्रदेश तथा ७५३ वटै स्थानीय तहहरूको समृद्धि र विकासका सन्दर्भमा समेत यी सबै कुराहरू समान रूपमा लागू हुन्छन्।

यद्यपि सातैवटा प्रदेश र ७५३ वटै स्थानीय तहको आ-आफ्नै भूबनोट, जनसंख्या, प्राकृतिक स्रोत-साधनको उपलब्धता, भौतिक तथा सामाजिक पूर्वाधारको उपलब्धता र सम्भाव्यता, सामाजिक र आर्थिक चेतना तथा अन्तर्राष्ट्रिय सिमानासँगको पहुँच, सम्भाव्य बजार, सांस्कृतिक तथा भाषिक विविधता फरक हुन सक्दछ।

सबै प्रदेश तथा स्थानीय तहहरूले फरक र विशेष चरित्रहरू पनि बोकेका हुन सक्दछन्। सबैका आफ्ना सम्भाव्यता र अवसर पनि होलान्, सबल र दुर्वल पक्ष पनि होलान्, यी कुरालाई पनि हेक्कामा राख्नु आवश्यक छ। यस पृष्ठभूमिमा संघीयता कार्यान्वयनको आठ वर्ष पूरा भैसक्दा पनि किन केन्द्रीय सचिवालयमा रहेको साबिकको भीड घट्नुभन्दा बढिरहेको छ ? एकातिर गाउँपाखा खाली भइरहेका छन् भने अर्कातिर काठमाडौंको जनसंख्या वृद्धिमा किन कमी आइरहेको छैन भन्ने कुराको लेखाजोखा गर्नु पनि त्यतिकै आवश्यक छ।

विकास जनताले अनुभूत गर्ने विषय भएकाले यसको लेखाजोखा गर्दा सरकारी तथ्यांक एकातिर र जनताको अनुभूति अर्कातिर हुनुहुँदैन। त्यसैले सरकारका विभिन्न संयन्त्रले गर्ने कामको समीक्षा, अनुगमन तथा मूल्याङ्कन पद्धतिमा आमूल परिवर्तनको आवश्यकता छ।

वित्तीय र भौतिक प्रगति मात्र देखाउने, कार्यसम्पन्नताका सम्बन्धमा ताकेता भइरहेको, प्रयास भएको, पत्र लेखिएको, पहल गरिएको, अनुगमन गरेर निर्देशन दिइएको भन्ने जस्ता नतिजा प्रतिबम्बित नहुने बेअर्थका फुँदा गाँसिने प्रगति समीक्षाबाट जनता आश्वस्त हुनसक्ने अवस्था अब छैन।

नागरिकले हिजोभन्दा आज थप सेवा पाएको, सेवाको गुणस्तर हिजोभन्दा राम्रो, गुणस्तरीय तथा नियमित भएको, परियोजना तथा सेवाको लागत हिजोभन्दा यति अनुपातमा कम भएको भन्ने कुरा देखिनुपर्दछ, सूचकहरू त्यही अनुरूप हुनुपर्दछ।

अहिले प्राथमिकता निर्धारण, कार्यक्रम निर्माण, परियोजनाको पहिचान, प्रारम्भिक मूल्याङ्कन, परियोजना छनोट, डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्मका चरणमै कहीं न कहीं खोट रहेको देखिन्छ। तसर्थ यी सबै चरणमा अवलम्बन गरिएका अवैज्ञानिक पद्धतिको ठाउँमा वैज्ञानिक तथा वस्तुगत प्रणाली लागू गरी तिनका मापदण्ड एवं सूचकहरू पनि त्यही अनुसार निर्धारण गरिनु आवश्यक हुन्छ, अनि मात्र आम नागरिकले विकासको अनुभूति गर्न पाउँछन्।

त्यसो नगर्ने हो भने अहिले देशमा देखिएका आर्थिक, सामाजिक, वित्तीय र राजनीतिक मुद्दाहरूको सम्बोधन हुन सक्दैन र चुनौतीका चाङहरू बढेर जान्छन्। तसर्थ जिम्मेवारीमा रहेका सबै तह, निकाय, साझेदार जिम्मेवार व्यक्तिहरूले अहिलेको परिवेशलाई स्वीकार गरी अगाडि बढ्ने इच्छाशक्ति र व्यवहार देखाउने बेला भएको छ।

नागरिकहरूको अभिमतबाट निर्वाचनबाट आएका दलहरूले बनाएका सरकारहरूले यो गम्भीरतालाई बुझ्न सकेनन् भने जनताको सरकारप्रतिको आशा र भरोसा टुट्न सक्छ। अझै पनि आम जनता केही आशा लिएर बसेका छन्, धैर्यको यो बाँध टुट्न दिनुहुँदैन।

यस पृष्ठभूमिमा घोत्लिएर हेर्दा नागरिकहरूले सबै दृष्टिले आफ्नो जीवनमा गुणस्तरीय र सकारात्मक परिवर्तन भएको अनुभूति गर्नु वा खुशी र सुखी महसुस गर्नु नै वास्तविक विकास हो, विकासको गन्तव्य पनि त्यही हो।

यो विकास आउँदो पुस्ताले पनि निर्बाध रूपले उपभोग गर्न पाउने दिगो प्रकृतिको हुनुपर्दछ। त्यसैले देशको विकासको संरचना र मोडेल पनि त्यही अनुसार तयार गरिनुपर्दछ। सरकार र सरोकारवालाहरूले मनन् गरून्!

## एनआईसी एसियासहित तीन बैंकको अर्ब बढी प्रोभिजनिङ

काठमाडौं। चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासमा एक दर्जन वाणिज्य बैंकले ठूलो रकमको प्रोभिजनिङ गर्नु परेको छ। बैंकहरूको वित्तीय विवरणअनुसार वाणिज्य बैंकहरूले ठूलो रकम कर्जा नोक्सानी व्यवस्थामा राखेका छन्। तथ्यांकअनुसार तीन वटा वाणिज्य बैंकले अर्ब बढी रकम कर्जा नोक्सानी व्यवस्थामा राखेका छन्।



बैंकहरूले कुल पौने ८ अर्ब रुपैयाँ प्रोभिजनिङ गरेका हुन्। पहिलो त्रैमासमा करिब एक दर्जन बैंकले ७ अर्ब ७४ करोड ४४ लाख रुपैयाँ प्रोभिजनिङ गरेका हुन्। असोज मसान्तसम्म एनआईसी एशिया बैंकले सबैभन्दा धेरै प्रोभिजन गरेको छ। यस बैंकले १ अर्ब १६ करोड ४३ लाख रुपैयाँ प्रोभिजन गरेको छ। जबकि गत वर्षको सोही अवधिमा बैंकको प्रोभिजनमा ६४ करोड ४३ लाख रुपैयाँ थियो। गत वर्षको तुलनामा ८०.७१ प्रतिशत पोभिजन रकम बढेको हो। ग्लोबलले आइएमई १ अर्ब ७ करोड र सिद्धार्थले १ अर्ब ५० लाख रुपैयाँ कर्जा नोक्सानी व्यवस्थामा राखेको छ।

यस्तै, कृषि विकासले ९० करोड, राष्ट्रिय वाणिज्य बैंकले ७४ करोड, नेपाल बैंकले ६८ करोड रुपैयाँ प्रोभिजनिङ गरेको छ। यस्तै, कुमारी बैंकको ७१.११ प्रतिशत घटेर ६३ करोड ६ लाख रुपैयाँ, सानिमा बैंकको ३.७७ प्रतिशत बढेर ५६ करोड ३१ लाख रुपैयाँ, नबिल बैंकको ५८.७२ प्रतिशत घटेर ४५ करोड ७७ लाख रुपैयाँ र एभरेष्ट बैंकको ७५.१५ प्रतिशत घटेर १० करोड ६७ लाख रुपैयाँ रहेको छ।

तर, समीक्षा अवधिमा भने आधा दर्जन बढी बैंकले भने राम्रो रिकभरी गरेको देखिन्छ। असोजसम्म लक्ष्मी सनराइज बैंकले १ अर्ब १६ करोड रुपैयाँ रिकभरी गरेको हो।

यस्तै, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ९७ करोड ५१ लाख रुपैयाँ, स्ट्याण्डर्ड चार्टर्ड बैंकको ५ करोड ७१ लाख रुपैयाँ, माछापुच्छ्रे बैंकको ४ करोड ३४ लाख रुपैयाँ, एनएमबी बैंकको ३ करोड ७० लाख रुपैयाँ, हिमालयन बैंकको ३२ करोड २५ लाख रुपैयाँ रिकभरी गरेको छ।

यस्तै, सिटिजन्स बैंकको ९० करोड ९१ लाख रुपैयाँ, प्रभु बैंकको ३८ करोड ४१ लाख रुपैयाँ र नेपाल एसबीआई बैंकको २७ करोड ७६ लाख रुपैयाँ रिकभरी गरेका छन्।

## ज्योति विकास बैंकका ग्राहकलाई स्काई वाकमा २० प्रतिशतसम्म छुट

काठमाडौं। ज्योति विकास बैंकले ग्राहकहरूलाई 'स्काईवाक नेपाल' मा छुट प्रदान गर्ने सम्झौता गरेको छ। बैंकले काठमाडौंको कमलादीस्थित 'स्काईवाक नेपाल' मा २० प्रतिशतसम्म छुट प्रदान गर्ने सम्झौता गरेको हो।

सम्झौतापत्रमा बैंकका तर्फबाट बैंकका मार्केटिंग तथा ब्रान्डिङ विभागका प्रमुख कुशल जंग अधिकारी तथा स्काईवाक नेपालको तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत रोहित ज्ञवालीले हस्ताक्षर गरेका हुन्।

यस सम्झौतापश्चात, ज्योति विकास बैंकका ग्राहकहरूले स्काईवाक



नेपाल का भ्यू टावर भ्रमण गर्दा टिकट शुल्कमा आकर्षक छुट पाउनेछन्। छोटो समयमै अन्तरिक तथा बाह्य पर्यटकहरुको माझ प्रमुख भ्रमण गन्तब्य बन्न सफल स्काईवाक टावर काठमाडौंको दृष्यावलोकनको लागि उचित रहेको बैंकले जनाएको छ। बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ।

## १५ वर्षका लागि २ वटा घर भाडामा लिदै हिमालयन बैंक

काठमाडौं। हिमालयन बैंकले घर भाडामा लिने भएको छ। बैंकले दुई वटा शाखा कार्यालय स्थापनाका लागि घर भाडामा लिने भएको हो। बैंकले काठमाडौंको बालुवाटार र ठमेल क्षेत्रमा शाखा कार्यालय स्थापनका लागि घर भाडामा लिने जनाएको छ। २ हजारदेखि २ हजार ५ सय वर्गफुटसम्म क्षेत्रफल भएको घर भाडामा लिने बैंकले जनाएको छ।




भाडामा दिन इच्छुक घरधनीहरूले १५ दिनभित्र भाडा रकमसहित बोलपत्र पेश गर्नुपर्नेछ। भाडामा दिइने घर सार्वजनिक बाटोको क्षेत्रमा नपर्ने गरी निर्माण गरेको तथा घरको नक्सा सम्बन्धित निकायबाट पास भएको हुनुपर्ने, घरको भुई तल्लामा मूलसडक तर्फ एटीएमको लागि ५ फिट १० फिट क्षेत्रफल भएको कोठा उपलब्ध गराउनुपर्नेछ।

घरमा जेनेरेटर राख्नको लागि आवश्यक स्थान, गार्ड रुमको लागि १ वटा कोठाको समेत व्यवस्था हुनुपर्ने, घर भाडामा दिने अवधि शुरुमा कम्तिमा १५ वर्षको हुनेछ र तत्पश्चात आपसी समझदारीबाट नविकरण गरिने बैंकले जनाएको छ।









कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौँ, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौँ

**मंगलमय शुभकामना**

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अनिल कुमार पोखरेल**
(वडा अध्यक्ष)
इनरुवा न.पा.वडा नं.५

**मंगलमय शुभकामना**

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बाबुराम आचार्य (सभापति)**
नेपाली कांग्रेस सुनसरी काठमाडौं सम्पर्क समिति

**मंगलमय शुभकामना**

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भट्टराई सेवा समाज परिवार**
इनरुवा, सुनसरी

**मंगलमय शुभकामना**

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सीताराम अग्रवाल (समाजसेवी)**
इटहरी उपमहानगरपालिका, खनार

**मंगलमय शुभकामना**

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गम्भीर बहादुर हाडा (समाजसेवी)**
काठमाडौं–११, बबरमहल

# किन र कसरी सुरु भयो तिहार ?

**ध्रुवसत्य परियार**

'जीवेम शरदः शतम् ।' अर्थात्, सयौँ शरदसम्म बाँच्नू । शुक्लयजुर्वेदसंहितामा शरद ऋतुलाई महत्त्व दिइएको छ । सामान्यतः हाम्रो समाजमा वृद्धवृद्धाले नातिनातिनाको मुख हेरेर मर्ने चाहना राखेको पाइन्छ । यहाँ शरद ऋतुसम्म बाँच्नू भन्ने कामना किन गरियो ? शरद ऋतुमा त्यस्तो के छ ?

जवाफ सीधा छ- शरद ऋतु धैरै कुराले धनी छ । केही भावुक कविले वसन्तलाई ऋतुको राजा भनेर लेखे, वास्तवमा वसन्त ऋतु आशाको बीउ वा बोट हो भने शरद फल हो । वसन्त आकांक्षी हो भने शरद विजेता । किनभने, शरद ऋतुमा अन्नबाली पाक्छन्, यो फूलैफूलको मौसम हो । हिन्दू धार्मिक अनुष्ठानमा फूलको महत्त्व विशेष छ । यद्यपि, नयाँ परिवर्तनको सपना देख्ने र देखाउने कविहरूले वसन्तलाई महत्त्व दिनु स्वाभाविक मान्नुपर्छ, बीउ र बोटबिना फल सम्भव छैन ।

नेपालमा हिन्दूहरूले मनाउने दुइ विशेष पर्व (दसैँ र तिहार) शरद ऋतुमै पर्छन् । दसैँमा शाक्त परम्परा अनुरूप शक्ति आर्जनका लागि देवी दुर्गाको पूजाआराधना गरिन्छ भने तिहार अर्थात् यमपञ्चकमा केही देवीदेउता, दाजुभाइ तथा दिदीबहिनी र प्रतीक स्वरूप केही पशुको पूजाअर्चना गरिन्छ ।

यमपञ्चक (कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म)मा पर्ने प्रत्येक पर्वसँग सम्बन्धित कथा छन् । कार्तिक कृष्ण त्रयोदशीलाई धनतेरस भनिन्छ । यस दिन आयुर्वेदका प्रवर्तक धन्वन्तारि र धनका देवता कुवेरको पूजाअर्चना गरिन्छ, यही दिन अकालमा मृत्यु नहोस् भनी मृत्युका देवता यमराजलाई 'दीपदान' गरेर सुरु भएको यमपञ्चक कार्तिक शुक्ल द्वितीयामा भाइटीका लगाएर सकिन्छ । भारतमा पनि लक्ष्मीपूजासहित दीपावली गरी 'भाइदूज' मनाइन्छ । शब्द सादृश्यताबाट सोच-विचार गर्दा तिहार शब्दले संस्कृतको 'तिथिबार' र हिन्दीको 'त्योहार'प्रति संकेत गर्छ ।

*भारतीय लेखक डा. माहेश्वरी सिंह 'महेश'को पुस्तक 'हमारे सांस्कृतिक पर्व-त्योहार'मा दीपावलीको सन्दर्भमा केही कथा उल्लेख छन् । यमराजलाई दीपदान गर्ने सन्दर्भको एउटा कथा यस्तो छ :*

यमराजले एक दिन आफ्ना दूतसँग सोध्छन्- मेरा दूतहरू ! तिमीहरूलाई कुनै दिन कुनै प्राणीको प्राण हरण गर्दै गर्दा बढी दया-करुणा जागेको थियो कि ? एक दूतले भने- हंश नाम गरेका एक प्रतापी राजा थिए । एकपटक सिकारका क्रममा बाटो भुलेर उनी राजा हेमको राज्यमा पुगे । त्यही दिन राजा हेमलाई पुत्र लाभ हुन्छ । बालकको जन्म भएको छैटौँ दिनमा देवी प्रकट भएर भन्छिन्– यस बालक बढेर जहिले विवाह गर्छ, त्यसको चार दिनपछि उसको मृत्यु हुनेछ । राजा हंशले हेमको पुत्रलाई मृत्युदेखि बचाउन यमुना नदी किनारको एक गुफामा लुकाउँछन् । युवा भएपछि ती राजपुत्रले विवाह गर्छन्, त्यसको चार दिनपछि हामीले उनको प्राण हरण गर्‍यौँ । यसपछि त्यहाँ जुन दर्दनाक स्थिति उत्पन्न भयो, त्यसबाट हामी आज पनि चिन्तित र दुःखी छौँ । अतः महाराज ! कृपापूर्वक यस परिस्थितिबाट उद्धार पाउने उपाय बताउनुहोस् ।'

त्यसपछि यमराजले धनतेरसको पूजा र दीपदानको विधान बताए । उनले भने- यस दिन यस विधिअनुरूप पूजाअर्चना गर्ने कसैको पनि असामयिक मृत्यु हुनेछैन ।

*यस्तै, धन्तवन्तरि उत्पत्ति र पूजाका सम्बन्धमा कथा यस्तो छ :*

प्राचीनकालमा सुर र असुर मिलेर समुद्र मन्थन गरी १४ रत्न निकालेका थिए । जसमध्ये एक अमृत घडाको साथमा धन्वन्तरि थिए । उनले रत्नहरूको वितरण गर्ने भगवान् विष्णुसँग प्रार्थना गरे- मलाई निवासको व्यवस्थासँगै यज्ञांश पाउने अधिकारी बनाइदिनुस् ।

यज्ञांशको वितरण भइसकेकाले विष्णुले केही कुरा सम्भव नरहेको बताउँछन् । यद्यपि उनले धन्वन्तरिलाई आश्वासन दिन्छन्– तिमीले दोस्रो जन्ममा अक्षय यश पाउनेछौ । यति मात्रै होइन, तिमीले सशरीर देवत्व प्राप्त गर्नेछौ ।

भनिन्छ, दोस्रो जन्ममा धन्वन्तरि काशीका राजा दिवोदास भएर जन्मे । उनले पार्थिव शरीरबाटै देव शरीर प्राप्त गरे । पौराणिक कथा अनुसार, यमपञ्चक भनेको यमराजले फुर्सद पाएका पाँच दिन हुन् । यस सम्बन्धमा असुर राजा बलिसँग जोडिएको एउटा कथा छ ।

असुर कुलका राजा बलिले एकपटक तीनै लोकमा राज्य गर्थे । त्यतिबेला उनले एउटा यज्ञ गरी जसले जे मागे पनि दान दिने व्रत लिएका थिए । यही बेला बटु वामनले उनीसँग तीन पाउ जमिन दान मागे । बलिले प्रतिज्ञा गरी तीन पाउ जमिन दिएपछि वामन रूप धारण गरेका विष्णुले एउटा गोडो बढाएर स्वर्ग र अन्तरिक्ष, अर्को गोडो बढाएर पृथ्वी ढाकिदिए । एक पाउ जमिन नपुगेबापत बलिराजालाई नागपाशले बाँधेर तेस्रो पाउ जमिन माग्दा बलिले आफ्नो शिर देखाए । विष्णुले खुसी भएर बलिलाई सुतल नाउँको लोकको राजा बनाए र वरदान माग्न भने । चार महिना आफूलाई दर्शन दिन विष्णु सुतलमा बसिदिनुपर्ने वर बलिले मागे । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म बलिको पालेघरमा गएर आफू सुत्ने तथा कार्तिक कृष्ण पक्षका अन्तिम पाँच दिन राजा बलिले तीनै लोकको राज्य भोग गर्न पाउने वरदान विष्णुले उनलाई दिए । बलिको राज्यलाई फरक ढंगले चिनाउन पाँचै दिन दीपावली गर्नुपर्ने, लक्ष्मी खुसी भएर दीपावलीको उत्सव मनाउनेका घरघरमा बस्नुपर्ने, यसबाट यमराज पनि खुसी हुने वर बलिले प्राप्त गरे ।

त्यसै बेलादेखि प्रतिवर्ष तिहारका पाँच दिन बलिराजाले राज्य मान्ने प्रथा चल्यो । इन्द्रादि दश दिक्पालले बलिराजालाई राज्य गर्न छाड्नुपर्ने हुँदा यमराजले वर्षका पाँच दिन बिदा पाए । यो अवधिमा कहाँ जाने भनी विचार गर्दा दाजु आउनुभएन भनेर सधैँ पीर गर्ने बहिनी यमुनाका घरतिर गएर पाँच दिन गुजार्ने मन यमराजले गरे । बस्दासम्म यमराजले बहिनीको स्वागत-सत्कार पाए भने बिदा हुने दिनमा उनी बहिनीबाट पुजिए भने बहिनीलाई पनि उनले पूजाआजा गरी वस्त्र आभूषण दिएर भ्रातृ स्नेह जनाए । दिदीबहिनीको पूजा सत्कार गर्ने दाजुभाइ र दाजुभाइको सत्कार गर्ने दिदीबहिनीको आयु र कीर्ति बढ्ने, धनधान्य वृद्धि हुने वरदान पनि उनले दिए । यिनै कथाका आधारमा तिहारको यमपञ्चक नाउँ रहेको र यसलाई ठूलो चाडको रूपमा मनाउने चलन चलेको कुलचन्द्र कोइरालाको पुस्तक 'नेपाली सांस्कृतिक जात्रापर्व'मा उल्लेख छ ।

लक्ष्मीपूजाको सुरुवात सम्बन्धमा 'सनत्कुमार संहिता'मा एउटा कथा छ । बलि राजा अत्यन्त बलवान् थिए । उनको तागतको अगाडि देवताहरूको केही चल्दैनथ्यो । एक दिन उनले सारा देवतालाई समातेर कैद गरिदिए । त्यसमा लक्ष्मी पनि कैद भएकी थिइन् । यस्तो स्थिति देखेर विष्णु ज्यादै उद्विग्न भई आफ्नो दैवी शक्तिले लक्ष्मी लगायत सबै देवीदेवतालाई बलिको कैदबाट छुटाइदिए । त्यसपछि विष्णु आफ्नी प्रियतमा लक्ष्मीलाई लिएर समुद्रमा सुख शयनका लागि प्रवेश गरे । लक्ष्मीका नाताले सबै देवताले छुटकारा पाउन सकेको हुनाले यस दिन दीपावली गरेर लक्ष्मीपूजा गर्ने कुरा चलेको हो । यी कथामा सुर-असुरबीच भएको द्वन्द्व र युद्ध देखिन्छ । उसो त हाम्रा अधिकांश पर्वमा देवीदेवताले दानवलाई मारेको खुसियालीका कथा नै आएका छन् । त्यसैले चाडपर्वहरूको विवेचना गर्दा प्राचीन समाजलाई नियाल्नुपर्ने हुन्छ ।

*विजयको कथा र धनको महत्त्व*

प्राचीनकालमा एउटा राज्यले अन्य राज्यमा आक्रमण गर्ने, बालीनाली वा सम्पत्ति (जसमा पशु लगायत पर्थे) लुट्ने क्रम चलिरहन्थ्यो । खस-आर्यहरू लडाकु र घुमन्ते जाति हौँ भन्ने सम्बन्धमा निकै पुस्तक लेखिएका छन् । राज्य निर्माण र सभ्यताको क्रममा आर्यले आदिवासीमाथि आक्रमणसँगै आन्तरिक संघर्ष गरिरहे । आर्यहरूले हिजो गरेको युद्ध र विजयको कथाकै आधारमा आज अनेक संस्कृति स्थापित छन् । रामायण, महाभारत आदि आर्यहरूको बाह्य र आन्तरिक संघर्षका कथा हुन् । विजया दशमीलाई रामायणका पात्र रामको रावणमाथिको विजयसँग जोडेर मनाउने गरिन्छ ।

आजको भारत, पाकिस्तान, बंगलादेश लगायत दक्षिण एसियामा जब आर्यहरू आइपुगे, तब लुटपाट र युद्धको इतिहास सुरु भयो । आर्यहरूले यी क्षेत्रमा आदिमवासीसँग मात्रै संघर्ष गरेनन्, आ-आफ्नो राज्य स्थापित गरेसँगै आन्तरिक संघर्ष पनि चलिरह्यो । ऋग्वेदको 'दाशराज्ञ' युद्धले यही प्रमाणित गर्छ । भारतीय लेखक रामशरण शर्माको पुस्तक 'शुद्रों का प्राचीन इतिहास'का अनुसार, दश राजाहरूबीच भएको युद्ध 'दाशराज्ञ'मा आर्येतर व्यक्ति पनि सहायक रूपमा सम्मिलित थिए ।

हाम्रै भूगोलका राज्यहरूमा समसुद्दीन इलियास, तिमुर लङ लगायतले आक्रमण गरेको र यहाँका राज्यहरूबीच आन्तरिक संघर्ष चलिरहेको इतिहास साक्षी छन् ।

तिहारमा देउसीभैलो खेलेर दक्षिणा माग्ने प्रचलन तिमुर लङसँग जोडिएको पाइन्छ । बालकृष्ण पोखरेलको पुस्तक 'खस जातिको इतिहास'का अनुसार, 'जुम्लाका राजा बलिराजको नाममा तिहारमा खेलिने भौली रागमा आधारित भैलो तिमुर-लङलाई दिन संकलन गरिएको चन्दा थियो । जुम्लाका राजा बलिराजका छोरा बछराज (राय बहरूज, वत्सराज) र मंगोल विजेता तिमुर लङबीचको युद्ध हरिद्वार र देहरादुन जाने बाटोको मोहन दर्रामा भएको थियो । पोखरेलको पुस्तकमा उल्लेख छ, 'काठमाडौंमा घुँटीमुँगल ( गठेमंगल)को समयमा प्रत्येक वर्ष मागिने गरेको जगात काठमाडौंबाट समसुद्दीन इलियासलाई बिदा गर्न गरिएको तयारीको सम्झनामा मनाइएको चाड हो । समसुद्दीन इलियास बंगालको नबाफ थियो । बंगालीलाई हियाएर भन्दा बाङाल अथवा घुँटी भन्ने चलन अझै छ । गठेमंगलको घन्टाकर्ण समसुद्दीन इलियास थियो । उसले कानमा घन्ट बाँधेसरह थियो, किनभने ऊ बौद्ध, शैव, वैष्णव र शाक्तमध्ये कुनै धर्म पनि सुन्न चाहँदैनथ्यो । ठीक गठेमंगलमा झैँ सपादलक्षमा पनि तिमुरलाई ढिम्किन नदिन कल्यालहरूले प्रजाबाट रकम भेला गरे । यस बुद्धिमानीले गर्दा हिमालयमा तिमुरले ब्रह्मलुट मच्याउन पाएन ।'

राज्य चलाउन र युद्ध गर्न धन आवश्यक हुन्छ । धन वृद्धि गर्न उत्पादन र व्यापार चाहिन्छ । यमपञ्चकमा पर्ने धनतेरसमा धातुजन्य सामान किन्नुपर्ने चलन छ, यो चलन व्यापार बढाउने उद्देश्यले सुरु गरेको बुझिन्छ । कुलचन्द्र कोइराला आफ्नो पुस्तकमा लेख्छन्, 'धनकी देवी लक्ष्मीलाई समुद्रपुत्री मान्ने र व्यापारवृद्धि, बाटाको सुरक्षाको निम्ति पनि लक्ष्मीको पूजा गर्ने चलन वैदिककालदेखि नै चलेको मान्न सकिन्छ । ईशापूर्व १५०० वर्ष अगाडिदेखि नै लक्ष्मीका मूर्तिहरू पश्चिम एसिया र रोममा प्राप्त भएको पुरातत्वविद्ले उल्लेख गरेका छन् । अन्य ऐतिहासिक अन्वेषणबाट पनि लक्ष्मीको मान्यता निकै पुरानो रहेको थाहा पाइन्छ । धनकी देवीको महिमा कुन देश कुन जातिलाई नचाहिने हुन्छ र !'

पहिले धातुका भाँडा लगायत सामग्री मुद्राजस्तै विनिमयका माध्यम थिए । त्यसैले यस्ता सम्पत्ति संकलन गर्न र धन वा लक्ष्मीका प्रतीकहरूको पूजा-प्रार्थना गर्नेतिर हाम्रा पुर्खा प्रेरित भइरहे । प्राचीन कालदेखि यस भूमिका मूलवासीहरू विशेषतः पशुपालनमा पोख्त थिए । विभिन्न शास्त्रीय प्रमाणको सहारा लिएर भारतीय लेखक शर्मा आफ्नो पुस्तकमा लेख्छन्, 'शुद्रको साथमा गोधन (गाईवस्तु) हुन्थ्यो, जसलाई उच्च वर्णका व्यक्तिले यज्ञका निम्ति पक्रने गर्थे ।' अर्थात्, कुनै समय यस भूगोलमा गोधन महत्त्वपूर्ण थियो । गोधनमा गाई-गोरु, बाच्छाबाच्छी पर्छन्, जो कृषिका आधार हुन् । सभ्यताको इतिहासमा हाम्रा पुर्खाले गोधन लगायत कृषिसँग सम्बन्धित भौतिक वस्तुको पूजा-प्रार्थना गर्नु अस्वाभाविक थिएन ।

कृषिमा निर्भर कृषकमध्ये केहीलाई धातुजन्य सम्पत्तिको खोजमा लगाउन पनि आवश्यक थियो, जसका कारण राज्यहरूबीच व्यापार चल्न मद्दत पुगोस् । आजभन्दा ११४३ वर्षअघि पनि अहिलेको काठमाडौं, भक्तपुर र ललितपुर क्षेत्रका जनतालाई सुनको खोजी गर्न प्रेरित गरेको कथा पाइन्छ ।

कार्तिक शुक्ल प्रतिपदाका दिन नेपाल संवत्‌अनुसार नयाँ वर्ष सुरु हुन्छ । यस संवत् सुरुवातको कथाले व्यापार र धातुको महत्त्वतर्फ संकेत गरेको छ । यस सम्बन्धमा गोपाल, राजभोगमाला, राज, केशर पुस्तकालय आदि वंशावलीमा केही उद्धरण उल्लेख छन् । भुवनलाल प्रधान (अनुवादक : अशोक श्रेष्ठ) को पुस्तक 'नेपाल संवत्'मा ती उद्धरणलाई कथाको रूप आउने गरी प्रस्तुत गरिएको छ । जुन कथासार यस्तो छ :

ललितपत्तन (ललितपुर) सहरतिर मानदेवका पुत्र राघवदेव राजा भए । भक्तपुरमा भने आनन्ददेवले राज्य गरिरहेका थिए । यही बेला भक्तपुर निवासी कुनै एक ज्योतिषीले बालुवा सुन हुने मुहूर्त (सुवर्ण योग)का बारेमा बताए । यही मुहूर्तमा भरियाले भद्रमति र विष्णुमतिको संगम लखुतीर्थमा गई बालुवा बोकेर आउँदै थिए । कान्तिपुरवासी शंख ( धर) नामक साख्वा भन्ने एक ज्यापूले भरियालाई वशमा पारेर बालुवा सबै आफ्नो घरमा लगे । घटनाको चार दिनपछि थुपारिराखेको बालुवा हेर्दा शंखधरले सुन भएको देखे । शंख साह्रै ज्ञानी र धर्मात्मा थिए । उनले उक्त सुन साधारण जनको हित अर्थात् धर्मकार्यमा उपयोग गर्ने सोचे । त्यसपछि उनले पण्डित, ज्योतिषीको सम्मतबाट नेपाल निवासी सबै दुनियाँको ऋण तिरेर अऋणि गरी संवत् परिवर्तन गर्ने निश्चय गरे, यसका लागि राजासँग स्वीकृति पनि लिए । नेपाल निवासी सबै धनी-गरिबका सम्पूर्ण ऋण चुक्ता गरी कलि गताब्द ३९८१ र शाके ८०२ मा नेपाल संवत् (१) कायम गरे ।

बालुवा सुन हुने घटना हेर्दा यो कथा केही मिथकीय लाग्छ । यद्यपि 'नेपाल निवासी'लाई ऋण लागेको प्रसंगले यस भूगोलका राज्यलाई नै ऋण लागेको यथार्थतिर संकेत गरेको बुझ्न सकिन्छ । अर्कोतिर, नदीको बालुवाबाट सुन निकाल्न सकिनेतिर पनि यस कथाले संकेत गरेको छ । यसै दिन नेवारहरूले भौतिक रूप आफ्नो शरीरको पूजा अर्थात् म्हपूजा गर्छन् । साधारण तर्कमा जाँदा म्हपूजाले शरीर, लुगाफाटो र घर सरसफाइको आवश्यकता र महत्त्वतिर संकेत गर्छ । मन र शरीरबीच सम्बन्ध छ । शरीर सफा र स्वस्थ हुँदा मन-मस्तिष्क र सोच पवित्र हुनेतर्फ पनि तर्क गर्न सकियो ।

*दीपदान र दीपावलीको दर्शन*

सभ्यताको इतिहासमा आगोपछि पात्रोको आविष्कार मानिसका लागि महत्त्वपूर्ण थियो । आगो पत्ता लागेदेखि काँचोभन्दा पोलेको खानेकुरा (विशेषतः मासु) खान, माटोको भाँडा बनाउन, धातु गाल्न मानिस प्रेरित हुँदै गयो । लुगाफाटो नभएको अवस्थामा न्यानोका लागि आगो बालेर रात काट्नु उसका लागि बाध्यताजस्तै थियो ।

आगो हेर्दा गतिवान देखिन्छ, छुँदा पोल्छ तर अन्य वस्तुलाई नष्ट गर्नुमा मात्रै यसको अस्तित्व साबित हुन्छ । आदिम मानिसका लागि सूर्य, आगो र पानी चिन्तनको गहिरो स्रोत तर आफैँमा एक रहस्य भइदियो । प्रकृतिसँग अनेक प्रार्थना र कामनाका लागि हिन्दूहरूले महिनौँ यज्ञ गर्थे, यसो गर्दा आगो जोगिन्थ्यो पनि । आगो बाल्ने ज्ञान सबैलाई नभएको अवस्थामा आगो जोगाउने अभ्यास र समाजमा आगोको लेन-देन हुन आवश्यक थियो । मैले नै बाल्यकालमा गाउँतिर आगो ( अगुल्टो) मागेर काम चलाएको देखेको थिएँ ।

हिन्दू ऋषिमुनिहरू र प्राचीन युनानी दार्शनिकले आगो र पानीलाई सृष्टिको महत्त्वपूर्ण तत्त्व मान्थे । हिन्दू पौराणिक कथामा अग्निदेव र जलदेव (वरुण) पूजनीय छन् । आगो, दियो र जलबिनाको कुनै अनुष्ठान छैन भन्दा पनि हुन्छ ।

आदिम मानिसका लागि समय वा कालको अर्थ थियो- सूर्य उदाउनु र अस्ताउनु । औँसीको अँध्यारो रात उसका लागि भयानक थियो, अँध्यारोमा अनेक घटना-दुर्घटना हुन सक्थे । विषालु जीवले डस्न सक्थे । यस्तो बेला हातमा अगुल्टो हुन्थ्यो भने मानिसले खतरनाक जीवलाई पनि भगाउन सक्थ्यो । अर्कोतिर, कृषकले भण्डारण गरेको अन्नबाली लुटिने खतरा रहिरहन्थ्यो भने राज्य विस्तार गर्न वा उर्वर भूमि हडप्न एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गर्ने क्रम पनि चलिरहन्थ्यो ।

यस्ता कतिपय दुर्घटना वा मृत्युबाट बच्न मानिसलाई अँध्यारो चिर्ने दीप र आगो अनिवार्य थियो । मानिसलाई उज्यालोको जोहो गर्ने सिकाउने पर्व भन्ने लाग्छ, धनतेरसको दीपदान । मृत्युका देवतालाई नै दीपदान गरी अकाल मृत्यु नहोस् भन्ने प्रार्थना गर्नुले बुझिन्छ- उज्यालो नै अकाल मृत्युबाट जोगिने एक उपाय हो । मानिसलाई उज्यालोको महत्त्व सिकाउन दीपदानको विधिविधान र वाङ्मय रचियो । यहाँनेर ज्ञानको उज्यालोलाई पनि प्रतीकार्थ लिन सकिन्छ ।

धनतेरसमा समुद्र मन्थनको प्रसंग आएको छ । आदिम मानिसका लागि पानीको मुहान्, नदी र समुद्र पनि चिन्तनको स्रोत र एक रहस्य थियो । आकाश कालोनीलो भएर मेघ गर्जन हुनु, पानी पर्नु, बिजुली चम्कनु, पानी बग्नु, पानीबाट तिर्खा मेटिनु, अधिकांश वस्तुलाई नष्ट गर्ने आगो पानीका अघि निभ्नु आदि अवस्थाप्रति घोत्लिएर मानिसले अनेक कल्पना गर्‍यो । हिन्दू दर्शनमा आगोसँगै आगोले नष्ट गर्न नसक्ने तत्व नै पञ्चतत्वमा परेको बुझिन्छ । आगोमा तताउँदा पनि पानी नष्ट नहुनु, बाफ बनेर उड्नु आदि विज्ञान नभएको परिस्थितिमा मानिसका लागि रहस्यमय घटना थियो ।

समुद्रपारि र समुद्रको गहिराइमा के होला ? यसका लागि हाम्रा पुर्खाले आफ्नै खालको अनुसन्धान आवश्यक ठाने । त्यसैको परिणाम भन्ने लाग्छ- समुद्र मन्थन । यसले संकेत गर्छ- समाज वा विभिन्न राज्यका सबै मिलेर कुनै वस्तु (रत्न वा धातु)लाई आधिकारिक विनिमयको माध्यम बनाउनु थियो । धनतेरसका दिन आयुर्वेदका प्रवर्तक धन्वन्तरिको स्मरण गरिन्छ । यसले संकेत गर्छ- जडिबुटीका बारेमा ज्ञान लिई स्वस्थ हुनुपर्छ । जति स्वस्थ रहे पनि मृत्यु शास्वत सत्य हो । हिन्दूहरूले शरदसम्म बाँच्ने अर्थात् शरद ऋतु भोगेर मर्ने चाहना राख्नुको कारणमा मृत्युसंस्कारलाई लिन सकिन्छ । अन्नबाली भित्र्याएर दुई पर्व मनाएपछि अर्थात् शरद ऋतु भोगेर मर्दा मृत्युसंस्कारका लागि पनि सहज हुन्थ्यो । यसै पनि अधिकांश वृद्धवृद्धाको मृत्यु हिउँदको जाडोमै हुने गर्छ ।

*असुरमाथि अन्याय*

धार्मिक कथाका घटना अलौकिक वा अविश्वनीय हुन्छन्, जो विज्ञानको कसीमा प्रमाणित हुँदैनन् । यमपञ्चकको कथामा असुर अर्थात् दानव राजा बलिको राज्यलाई देवता भनिनेहरूले छल गरेर खोसिएको प्रसंग आएको छ । बलिबाट राज्य खोस्न सफल भएको खुसियालीमा यमपञ्चकमा दीपावली गरिएको पनि बुझ्न सकिन्छ । शब्द सादृश्यताको कसीमा खोज्दा आर्यको नजरका दानवहरू डेनुब नदी सभ्यताका उपज देखिन्छन् । बालकृष्ण पोखरेलको उपरोक्त पुस्तकमा उल्लेख छ, 'मेसोपोटामियाको निवेवे क्षेत्रतिर असुरको अर्थ ईश्वर र देवको अर्थ दैत्य लाग्थ्यो । दक्षिण एसियामा आएर यी दुवै शब्दका अर्थ बिब्ल्याँटिन्छ– असुर दैत्य हुन पुग्छ र देव ईश्वर । ...दानवभैँ महत्त्वपूर्ण जातिलाई नाम प्रदान गर्ने डेनुब नदी अति महत्त्वपूर्ण जलधारा हो ।'

जेहोस्, पौराणिक कथाहरूमा दानवहरू असत्य वा खराब विचारका प्रमाणित हुन्छन् । यमपञ्चकको कथाबाट यस्तो पनि प्रतीत हुन्छ– सुर र असुर मिलेर समुद्रबाट केही रत्न निकालिसकेपछि बाँडफाँडमा कुरा नमिलेर द्वन्द्व चर्केको थियो कि ?

शरद ऋतुमै मनाइने दसैँमा रामायणका पात्र रामले रावणमाथि विजय गरेको कथा पनि आउँछ । शूद्र भएर तपस्या गर्‍यो भनी रामले शम्बूक ऋषिको हत्या गरेका थिए । शूद्रहरू (आजका दलित)का आदर्श पुरुष राम होइनन्, शम्बूक हुन् । यद्यपि समय क्रमसँगै कला र शिल्पका धनी दलित मन्दिरमा बाजा बजाउने, युद्धका लागि हतियार बनाउने, मूर्ति बनाउने आदि कर्मले छुवाछुत र विभेद भोगेरै भए पनि धर्म र संस्कृतिसँग जोडिँदै आए ।

संस्कृतिको पिँधमा जति अन्यायपूर्ण वा अविश्वनीय कथाहरू होऊन्, तिहार पर्व उज्यालोतर्फ अग्रसर हुने पर्व हो । यस पर्वले दाजुभाइ र दिदीबहिनीको सम्बन्धलाई थप प्रगाढ बनाउन भूमिका खेल्छ । विवाह गरेर नयाँ ठाउँ र परिवारसँग सम्बन्ध गाँस्न पुगेका चेलीहरू बेलाबेला माइती सम्झेर खिन्न हुनु स्वाभाविकै हो । कामले फुर्सद नपाउँदा उनीहरू चाहेका बेला माइतीलाई भेट्न जान पाउँदैनथे । कहिलेकाहीँ दाजुभाइ भेट्न पुग्दा उनीहरूको आहत मनलाई राहत मिल्थ्यो । चेलीलाई खुसी दिन अनि चेली र माइतीको सम्बन्ध सुमधुर राख्न भाइटीकाजस्तो सुन्दर पर्व सुरु भएको बुझ्न सकिन्छ ।

आज देश-देशबीच, समाजका व्यक्तिहरूबीच, नाताहरूबीच सम्बन्ध बिग्रँदा अशान्ति र तनाव सिर्जना भइरहेका छन् । मानिसबीच सम्बन्ध मजबुत बनाउने अरु थप पर्वहरू हुन आवश्यक छैन र ?

# इमानदार र जिम्मेवार नेतृत्वको खोजी

**– भानु पराजुली**

राज्यको समृद्धि, समाजको समृद्धि र परिवारको उन्नतिले एकअर्कासँग गहिरो सम्बन्ध राख्दछन् । परिवार बलियो भए समाज सुदृढ हुन्छ र समाज सुदृढ भए राष्ट्रको समृद्धि सम्भव हुन्छ । तर, अहिले हाम्रो देश जटिल संक्रमणकालीन अवस्थामा छ । संविधान जारी भएपछिका वर्षहरूमा नागरिकहरूमा ठूलो अपेक्षा थियो- राजनीतिक दलहरू लोकतान्त्रिक प्रक्रिया, विधि र प्रणालीअनुसार शासन गर्नेछन् । तर, ती अपेक्षाहरू पूर्णरुपेण हुन त के सक्थे र, तर पनि जनतामा खासै उत्साह र परिवर्तनको झिल्को दिन भने नसकेकै हुन् । यसका कारण समाजमा गहिरो निराशा, असन्तोष र आक्रोश फैलिएको छ ।

देशको राजनीतिक नेतृत्वमा विगत ३४/३५ वर्षदेखि पुराना अनुहारहरूले कब्जा जमाइरहेका छन्, जसका कारण जनता दिक्क भएर नयाँ नेतृत्वको खोजीलाई प्रोत्साहन दिन थालेका छन् । पछिल्ला निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूको उदय - काठमाडौंका मेयर बालेन शाह, धनगढीका मेयर गोपाल हमाल, धरानका मेयर हर्क साम्पाङजस्ता युवा नेताहरूको उदय यसैको प्रमाण हो ।

यी नेतृत्वलाई जनताले रोज्नुको कारण पुरानो नेतृत्वप्रति निराशा र नयाँ सोचको अपेक्षा नै हो । तर, पुराना ठूला पार्टीहरूको जनमत परम्परागत र पारिवारिक छ, नयाँ युवाहरूको परिर्वतनकामी आकांक्षाका कारण त्यो परम्परागत भोट बैंकहरू भत्किरहेको पनि देखिन्छ । त्यसैले पुरानो संगठन, इमानदार कार्यकर्ता, अनि स्वर्गीय भइसकेका बीपी, मनहोहन, मदन भण्डारी आदि नेताहरूको नाम बेचेर खाइरहने जमाना अब सकियो भन्ने कुरा पछिल्ला स्थानीय तह र संसदको आमनिर्वाचनका जनमतले संकेतसमेत गरिसकेको अवस्था छ । निर्वाचनअगाडिका पार्टीहरूका गठबन्धनजस्ता कलुसित मनोविज्ञान पनि जनताले बुझिसकेका छन् । अर्कोतर्फ पार्टी एकता, सहकार्य आदि इत्यादि शब्दजालहरू पनि काम नलाग्ने बन्दै गएका छन् ।

त्यसैले देशको संघीय गणतन्त्र शासन व्यवस्था र यो उपलब्धिको जस लिने माओवादी, कांग्रेस र एमालेजस्ता पार्टीहरूलाई समेत चुनौती भएको छ । उनीहरू यतिखेर एउटा ऐतिहासिक दोबाटोमा उभिएका छन् । पुँजीवादमा सबै नकारात्मक पक्षहरू पनि छैनन्, थोरै राम्रा पनि अगिंकार नगरेपछि र दलाल पुँजीपति वर्गको वकालत गरी उनीहरूकै निर्देशनमा राष्ट्रिय स्वार्थ भुल्न थालेपछि यी पुराना दलहरू संकटमा पर्न थालेका हुन् ।

निजी स्वार्थ र आडम्बरमा बारम्बार सरकार परिवर्तन हुनु, परिवर्तनको कुनै औचित्य नदेखिनु, स्वार्थ र दलालीका भरमा राज्यको सुशासन बिग्रिराख्नुले यी ठूला दलहरूको आकर्षण घटिरहेको छ । अझ वर्तमान सरकार दुई ठूला दलहरूको गठबन्धनमा बनेको शक्तिशाली सरकार हो, जसले दुईतिहाइ बहुमतका साथ मुलुकको शासन सम्हालिरहेको छ । तर, यदि यो सरकारले जनताका अपेक्षाहरू पूरा गर्न असफल भयो भने संघीय गणतान्त्रिक व्यवस्थाको असफलता मानिन सक्नेछ । फलस्वरूप संघीयता र गणतन्त्रका लागि गरिएको संघर्ष व्यर्थ ठहरिन सक्छ र देशले दीर्घकालीन क्षति व्यहोर्नुपर्ने हुन सक्छ ।

देशमा युवा आक्रोश दिनदिनै बढिरहेको छ । बेरोजगारी, महँगी आदिले बंगलादेश र श्रीलंकामा देखिएका विद्रोहहरूजस्तै नेपालमा पनि युवाहरूमा असन्तोषको बिउ रोपिन थालेको छ । यस्तो अवस्थामा सत्तारुढ दलहरूको सामन्त र अधिनायकवादी प्रवृत्ति र विपक्षीहरूलाई विभाजन गरी शासन गर्न खोज्नेजस्ता प्रवृत्तिले असन्तुलनलाई झन् बढाएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिर जग्गा प्रकरण, ललितानिवास जग्गा प्रकरण, गिरीबन्धु टी-इस्टेटलगायतका सयौं भ्रष्टाचारका काण्डहरू, हालैको प्राकृतिक विपद्मा सरकारको पूर्वतयारी तथा उद्धार राहतमा कमजोरी, सरकारको नेतृत्व गरेको एक पार्टीलाई अदालतमा मुद्दा खेपिरहेका आफ्नो क्षेत्रका चल्तापुर्जा एक व्यापारी (मीनबहादुर गुरुङ)ले दिएको जग्गा दानको विषय थप पेचिलो बन्दै गएका छन् । उता रवि लामिछाने पक्राउ पर्ने अनि अनुसन्धानमा सघाउने, अर्कोतर्फ सबै सांसदहरू भेला भएर जग्गा दान लिने मुद्दालाई विषयान्तर गरिएको आरोप लगाउँदै आन्दोल गर्नेजस्ता राजनीतिक र सामाजिक तरङ्गले देश र राज्य सञ्चालनमा चुनौती थपिएको छ ।

यसरी हेर्दा समाजमा असन्तोष र निराशा दुई तहमा प्रकट भइरहेको छ । एकातिर विपद्को मारमा परेका जनता, जसले भूकम्प, महामारी र बाढीजस्ता प्राकृतिक विपद्को घाउ अझै बोकिरहेका छन् भने अर्कोतिर, गरिबी, बेरोजगारी र महँगीले जनता थिचिएका छन्, जसको आर्थिक भविष्य अनिश्चित छ । यी दुवै समस्याले जनतामा आक्रोश पैदा गरेको छ । त्यही आक्रोशलाई कलुषित मनसायले परिचालन गरेर अर्थात् भजाएर स्वार्थसिद्ध गर्न पल्केका स्यालहरूको हुइँया पनि देखिएको छ ।

तर, देशको राजनीतिक नेतृत्वले यी समस्याहरूलाई समाधान गर्नुभन्दा आफ्नो स्वार्थ, धनसम्पत्ति र सत्ताको लालचमा ध्यान केन्द्रित गरिरहेको छ । यसको परिणामस्वरूप आर्थिक असमानता बढ्दै गएको छ र समाजको पिँधवर्ग अझै गरिबीको चक्रमा फसिरहेको छ । यसो हुँदा गरिखाने उमेरका युवाहरू विदेशिने क्रम झन् बढिरहेको छ ।

सत्ता संरचनाभित्र पुँजीवादी दलाल र बिचौलियाहरूको प्रभुत्व स्थापित भएको देखिन्छ । राज्यका हरेक अङ्गमा उनीहरूको प्रभाव छ, जसले गर्दा समावेशी विकास र सीमान्तकृत जनताका अधिकारहरू ओझेलमा परिरहेका छन् । नेतृत्वले जिम्मेवारी लिएर मुलुकका वास्तविक समस्याहरूलाई सम्बोधन गर्नुको साटो व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिएको छ । यसरी नेतृत्वले जनताका आवश्यकतालाई बेवास्ता गर्दै यस्तो नैतिक रूपले खोक्रो शासन शैलीलाई निरन्तरता दियो भने वर्गीय संघर्षको सम्भावना पनि बढ्न सक्छ ।

आगामी दिनमा यदि युवा आक्रोशलाई सुनुवाइ गरिएन भने यसले ठूलो विद्रोह निम्त्याउने सम्भावना छ । ६५ देखि ७० प्रतिशत पिँधका जनताले यस विद्रोहको नेतृत्व गर्न सक्छन् र त्यो विद्रोह परम्परागत राजनीतिक खेल मात्र नभई वास्तविक परिवर्तनको सुरुवात हुन सक्नेछ । यदि राजनीतिक नेतृत्वले अहिलेको असन्तोषलाई सम्बोधन गर्न सकेन भने समाजमा हिंसात्मक आन्दोलन र विद्रोहको सम्भावना बलियो बन्दै जानेछ ।

यहाँ विचारणीय के छ भने यो असन्तोषलाई थप मलजल गरिरहने देशीविदेशीको रणनीतिक भूमिका वर्षौंदेखि नेपालमा रहेको हुँदा आक्रोश अनियन्त्रित विद्रोह र हिंसामा परिणत भएर जान सक्छ र त्यसबेलाको नेतृत्वले थेग्न नसक्ने हुन सक्छ । समाजको समृद्धिका लागि नेतृत्वले आफ्नो कार्यशैलीमा सुधार गर्दै जनताको आवाजलाई सम्बोधन गर्नुपर्छ । यो समय राष्ट्र निर्माणको हो, व्यक्तिगत स्वार्थ र राजनीतिक खेलको होइन । अवसर अझै पनि गुमेको छैन । यदि नेतृत्वले अहिले नै आफ्नो दायित्व पूरा नगरे, समावेशी विकास, न्याय र समानताको बाटो नसमाते देशको भविष्य अन्धकारमय बन्न सक्छ ।

यस अवस्थामा नेतृत्वले आफ्ना कमीकमजोरी सुधार्दै जनताका समस्या सम्बोधन गर्न विवेकपूर्ण निर्णय लिनु आवश्यक छ । राष्ट्रको समृद्धिको यात्रा समावेशी विकास, पारदर्शी शासन र जवाफदेही नेतृत्वबाट मात्रै सम्भव हुन्छ । समाजको उन्नति र समृद्धिका लागि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रको दीर्घकालीन भविष्यमा लगानी गर्न सबैले मिलेर अघि बढ्न आवश्यक छ । राजनीतिक अस्थिरता र असन्तोषको आगोमा घ्यु थप्ने तत्त्वहरू सक्रिय छन् र यिनलाई रोक्न जिम्मेवार नेतृत्वको खोजी अझ महत्त्वपूर्ण बनेको छ । अब आमनेपाली जनताले इमानदार र जिम्मेवार नेतृत्वको खोजी गर्ने बेला भइसकेको छ ।

# शिक्षामा सार्थक परिवर्तन किन ?

*पुष्कर कँडेल*

देश कस्तो भन्ने कुरा नागरिकदेखि नेतृत्व कस्ता भन्ने कुरामा भरपर्छ। नागरिकदेखि नेतृत्व कस्ता छन् भन्ने कुरा त्यो देशको शिक्षा कस्तो छ भन्ने कुराले निर्धारण गर्छ। आज जे देखिदैछ र भोगिदैछ, सारमा त्यो खराब शिक्षाको परिणाम हो। तर हामी भने राजनैतिक तथा संवैधानिक व्यवस्थामा मात्रै समस्या देख्ने भ्रममा परिरहेका छौं। जबकि समस्याहरू शिक्षा व्यवस्थासँगै प्रशासनिक, न्यायिक र आर्थिक व्यवस्था र नीतिमा पनि छ।

राजनीति राम्रो बनाउन राम्रो विचार र नेतृत्व चाहिन्छ। राजनीतिक विचार र नेतृत्व राम्रो बनाउन राम्रो शिक्षा चाहिन्छ। राम्रो शिक्षा बनाउन राष्ट्रिय दृष्टिकोण, लक्ष्य, नीति, कानुन, पाठ्यक्रम, शिक्षक, शिक्षण सिकाइका सामाग्री र शिक्षालयहरू पनि राम्रो चाहिन्छ। लगानी पनि पर्याप्त हुनुपर्छ। यतिबेला हामीले बुझ्नुपर्छ, "शिक्षाको गुणस्तर नागरिकको जीवनशैली अनि सार्वजनिक सेवाहरूको स्तरले सम्पन्नताको संकेत गर्छ। जसले धनी र गरीबबीचको खाडल पनि कम बनाउँछ। जुन दिगो भविष्य निर्माणको मुख्य आधार हो।"

शिक्षा क्षेत्रका सरोकारवालाहरूले बुझ्नैपर्ने कुरा के हो भने "विद्यार्थीहरूले शिक्षा लिनु भनेको ज्ञान प्राप्त गर्नु मात्र होइन। शिक्षाको आफ्नै धर्म छ। यसले विद्यार्थीहरूमा अहंकारलाई कम गर्नुपर्छ, उनीहरूलाई नम्र बनाउनु पर्छ, उनीहरूमा डर र अनिश्चिततालाई हटाउनु पर्छ अनि मात्र उनीहरूमा परिपक्वता ल्याउँछ र अन्ततः उनीहरूलाई खुशीतर्फ लैजान्छ।" अब प्रश्न उठ्छ, के हाम्रो शिक्षा व्यवस्थामा ति चरित्रहरू विद्यमान छन् त? यहाँ यतिबेला विश्व साक्षरता सम्मेलनका निर्देशक ग्रेगोरी जेरालिड्सको भनाई मनन गर्नुपर्छ, "शिक्षा महत्त्वपूर्ण छ। साक्षरताले शिक्षा समुदायलाई मात्र मद्दत गर्न सक्दैन, तर यसले सिकाउने सबैलाई मद्दत गर्न सक्छ।" किताब, दिमाग र छाताहरू बन्द हुँदासम्म त्यसले काम गर्दैन, त्यस्तै शिक्षाले विद्यार्थीहरूको क्षमता विकास गर्न सकेन भने त्यो शिक्षा काम लाग्दैन ।

शिक्षा भनेको परीक्षा दिने र प्रमाणपत्र लिने कुरा मात्र होइन। शिक्षा भनेको त सिक्ने, सकारात्मक र रचनात्मक सोचका साथ अघि बढ्ने, जीवनको अर्थ बुझाउने र अनुभव गराउने मुख्य माध्यम हो अर्थात नागरिकको मनस्थिति र देशको परिस्थिति सकारात्मक बनाउने मुख्य अस्त्र हो। फेरि विद्यार्थीहरूलाई असल र क्षमतावान वैश्वीक नागरिक बनाउने मुख्य माध्यम पनि शिक्षा नै हो। असल र क्षमतावान नागरिक शान्ति र समृद्धिको पहिलो आधार र पूर्वाधार हो। त्यसैले दिगो भविष्य निर्माणका लागि शिक्षामा सार्थक परिवर्तन अनिवार्य भैसकेको छ। आजको यो अनिवार्यता नीति निर्माणको तहमा रहेका पक्षहरूले अझै महसूस गर्न सकेका छैनन्। अनि त उनीहरू असान्दर्भिक प्रश्नहरूमा अल्झिएर समय, सीमित साधन र श्रोतहरूको दुरूपयोग हुँदा पनि चिन्तित देखिएका छैनन्।

यतिबेला हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने नयाँ पुस्तालाई सक्षम र सशक्त बनाउन सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नुपर्छ। उनीहरूलाई शिक्षित र साक्षर बनाउने रणनीतिअन्तर्गत शिक्षा र साक्षरता कार्यक्रमहरूमा पुनरावलोकन अनिवार्य भइसकेको छ। भविष्यको स्वर्ण द्वार खोल्नका लागि हरेक नागरिक शिक्षित र साक्षर बन्नैपर्छ। यो यथार्थ स्वीकार गरेर हामीले विगतका अनावश्यक प्रश्नहरूमा नअल्झिइ र भ्रममा नपरी भविष्यको प्रश्नहरूमा केन्द्रीत भएर वर्तमानमा क्रियाशील हुनुपर्छ।

गुणस्तरीय अर्थात लोकप्रिय शिक्षामा सबैले समान रूपमा लेखपढ गर्ने र सिक्ने अवसर पाउँछन्। कसैले पनि आफू भाषिक, आर्थिक, भौगोलिक, सांस्कृतिक र लैंगिक रूपमा विभेदमा परेको महसूस गर्नु पर्दैन। त्यसैले गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आधारभूत शिक्षामा बहुभाषिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा लागु गर्ने नीतिगत व्यवस्था गरिनुपर्छ। यस सन्दर्भमा पाउलो फ्रेरेको भनाइ बढी सान्दर्भिक हुनसक्छ। फ्रेरेले भनेका छन्, "लोकप्रिय शिक्षा एक शैक्षिक दृष्टिकोण हो जसले दैनिक अनुभवहरूलाई सामूहिक र आलोचनात्मक रूपमा जाँच्छ र सबैभन्दा सीमान्तकृतहरूको हितमा राजनीतिक दृष्टिकोणका साथ अन्यायका विरुद्ध कारबाही गर्ने क्रममा आन्दोलनहरूमा संगठित हुने र संगठन निर्माण गर्ने चेतना जगाउँछ।" जुन समुन्नत र समतामुलक समृद्ध समाज निर्माणको सुरूवात हो।

हिजो रातो क्रान्ति भन्दै जंगलमा बसेर धम्कीको भाषा र हतियार प्रयोग गरेर गाउँघर जबरजस्ती खाली गराइयो। आज निलो क्रान्ति भन्दै सहर र सदनमा बसेर सञ्चार र सञ्जालहरूको दुरूपयोग गरेर देशमा अराजकता र स्वछन्दताको डढेलो लगाउने प्रयास भइरहेको छ। यदि हामीले गुणस्तरीय शिक्षा पाउन र नयाँ पुस्तालाई गुणस्तरीय शिक्षा दिन सकेको भए न हिजो हामी रातो क्रान्तिको जालमा पर्ने थियौं न त नयाँ पुस्ता निलो क्रान्तिको भ्रममा नै पर्ने थिए। त्यसैले पनि हरेक नागरिकले ठीक र बेठीक छुट्याउन सक्ने बनाउन पनि शिक्षामा सार्थक परिवर्तन गर्नुपर्ने भएको छ।

नागरिकमा परिपक्वता ल्याउन र नागरिकलाई सबैखाले भ्रमहरूबाट मुक्त गराउन शिक्षा नै सबभन्दा बलियो माध्यम हो। "यदि कुनै शिक्षित व्यक्ति समाज रूपान्तरणमा सकारात्मक भूमिका खेल्न सक्दैन भने साँचो अर्थमा त्यो व्यक्ति शिक्षित हुनै सक्दैन।" (पाउलो फ्रेरे) अहिले नेपालमा शिक्षित भनिनेहरू नै देशका लागि मुख्य समस्या बनिरहेका छन्। हिजो डा. बाबुराम भट्टराईहरू रातो क्रान्ति भन्दै समस्या बनेका थिए भने आज डा. स्वर्णिम वाग्लेहरू निलो क्रान्ति भन्दै समस्या बन्दैछन्। अन्यथा उच्च शिक्षा र डिग्री प्राप्त गरेका मान्छेहरू देशका लागि समस्या बन्ने थिएनन्।

सत्य र प्रगतिको पक्षमा उभिनु र पैरवी गर्नु अनि सत्य र प्रगतिका बारेमा जनतालाई जागरूक बनाउनु हरेक प्राज्ञिकहरूको मात्र होइन हरेक शिक्षित र साक्षर नागरिकको कर्तव्य हो। त्यही कर्तव्य बुझेर क्रियाशील हुने नागरिक तयार गर्नु शिक्षाको धर्म अथवा चरित्र हो। तर अहिले हामी त्यो कर्तव्यबाट विमुख हुँदा खराब पात्र र खराब भाष्यले वैकल्पिक राजनीतिको नाममा समाजमा घर गर्न खोजेको छ। फौजदारी अभियोगमा जेलमा हुनुपर्ने पात्र कपालमा जेल लगाएर आफूलाई महान देखाउँदै जनतालाई भ्रमित बनाउन उद्दत देखिन्छ।

आज हाम्रो सन्दर्भमा नोअम चोमस्कीको भनाइ बढी मेल खान्छ। चोमस्कीले भनेका छन्, "कसैले पनि तपाईंको दिमागमा सत्य हाल्दिदैन। यो त तपाईंले आफ्ना लागि पत्ता लगाउनु पर्ने कुरा हो। प्रतिष्ठासहित बाँच्नु र भ्रमका कारणले लोकप्रिय देखिनु र प्रतिष्ठित हुनु नितान्त फरक कुरा हो। चरित्रवान देखिनु र हुन खोज्नु पनि फरक कुरा हो। जालसाजी गरेर कमाउनु र भ्रम बेचेर लोकप्रिय देखिनु पनि एउटै हो। तर यतिबेला हामीले यसका सार र रुप पक्ष बुझ्न र छुट्याउन नसक्दा एकातिर खराब पात्र र प्रवृत्तिको मनोबल बढेको छ भने अर्कोतिर भ्रमित भाष्यमा परेर गलत निर्णय गर्ने ठाउँमा हामी पुग्दैछौं। देशको आजको समस्या पनि यही हो किनभने अराजकता र स्वछन्दता सकारात्मक परिवर्तनको माध्यम हुनै सकदैन।

त्यसैले भनिन्छ नि "शिक्षाको उद्देश्य भनेको खाली दिमागलाई खुला र बौद्धिक दिमागले प्रतिस्थापन गर्नु हो।" साँचो अर्थमा शिक्षित तथा साक्षर व्यक्ति त्यो होइन जसलाई सबै प्रश्नहरूको उत्तरहरू थाहा छ, तर त्यो हो जसलाई थाहा छ कि ती प्रश्नहरूको उत्तर कहाँ पाउन सकिन्छ। शिक्षा तथा साक्षरताको काम भनेको खुला दिमाग बनाउन, ज्ञानको तिर्खा जगाउनु र सिक्ने जाँगर विकास गर्नु हो। तर हाम्रो शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा त्यो चरित्र र क्षमता पाईदैन। त्यसैले शिक्षामा सार्थक परिवर्तन अति आवश्यक भएको हो।

## ग्लोबल बैंक र इन्स्टेन्ट क्यासबीच व्यवसायिक साझेदारी

काठमाडौं । ग्लोबल आइएमई बैंक र इन्स्टेन्ट क्यास एफजेडई बिच विश्वको विभिन्न देशबाट नेपालमा ग्लोबल रेमिट मार्फत सजिलै पैसा पठाउन सकिने गरी रेमिटेन्स् सम्झौता भएको छ ।



यस सम्झौता अनुसार देश बाहिर रहेका नेपालीहरुले आफ्नो तथा परिवारको ग्लोबल आइएमई बैंकको तथा नेपालको अन्य बैंक तथा वित्तीय संस्थामा भएको बैंक खातामा सहज रुपमा रेमिटेन्स पठाउन सक्नेछन । युनाइटेड फिनटेक सोलुसन्स एलएलसीको पूणर् स्वामित्वमा रहेको इन्स्टेन्ट क्यासले फिनटेकको माध्यमबाट संसारभर रेमिटेन्स सुविधा प्रदान गर्दै आईरहेको छ । यसरी युएई तथा विश्वको विभिन्न देशबाट ग्लोबल रेमिटमार्फत् पठाएको पैसा ग्लोबल आइएमई बैंकको सम्पूणर् शाखा कार्यालयहरु वा नेपालभरी रहेको आइएमई लिमिटेडको ५०,००० भन्दा बढी एजेन्टहरुबाट भुक्तानी लिन सकिनेछ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स भित्र्याउने सुविधा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको बैंकले जनाएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

## नेपाल बैंकको ब्राण्ड एम्बास्डरमा डा. महावीर पुनको निरन्तरता

काठमाडौं । नेपाल बैंक लिमिटेडले आफ्नो ब्राण्ड एम्बास्डरमा डा. महावीर पुनलाई पुनः नियुक्त गरेको छ । २०७६ सालदेखि नेपाल बैंकको ब्राण्ड




एम्बास्डरमा नियुक्त भएका राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुनसंगको सम्झौता अवधि पुनः १ वर्ष अवधि थप गरिएको बैंकले जनाएको छ । कात्तिक १२ गते काठमाडौंमा आयोजित एक समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत तिलक राज पाण्डेय र डा. महाविर पुनका बीच उक्त ब्राण्ड एम्बास्डर नवीकरण सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । उक्त कार्यक्रममा एम्बास्डरमा नियुक्त डा. महावीर पुनले नेपाल बैंक जस्तो नेपालको बैकिंङ क्षेत्रको गौरवमय इतिहास बोकेको संस्थामा ब्राण्ड एम्बास्डरको रुपमा पुनः नियुक्त हुन पाएकोमा खुसी व्यक्त गरे ।

त्यसैगरी प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेयले डा. महावीर पुन जस्तो विशिष्ट ब्यक्तित्व साथै आम नेपालीको प्रेरणाको श्रोतलाई नेपाल बैंकको ब्राण्ड एम्बासडरको रुपमा निरन्तरता दिन पाउनु आफैमा गर्वको विषय भएको बताए ।

## ६ वर्षयताकै उच्च लाभांश बाँड्ने स्ट्याण्डर्ड चार्टर्ड बैंकको घोषणा

काठमाडौं । स्ट्याण्डर्ड चार्टर्ड बैंकले ६ वर्ष यताकै उच्च लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंक सञ्चालक समितिको मंगलबार बसेको बैठकले २५.५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । जुन ६ वर्ष अर्थात आर्थिक वर्ष २०७३/७४ यताकै उच्च हो ।

बैंकले गत आर्थिक वर्ष २०८०/८१ को नाफाबाट हाल कायम चुक्ता पुँजी ९ अर्ब ४२ करोड ९४ लाख रुपैयाँको ६.५० प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित १९ प्रतिशत नगद गरी कुल २५.५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।




बैंकले प्रस्ताव गरेको उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आगामी वार्षिक साधारण सभाले पारित गरेपश्चात् सेयरधनीहरूलाई वितरण गरिनेछ । यसअघि बैंकले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा १९ प्रतिशत नगद लाभांश वितरण गरेको थियो । यस्तै, आव २०७८/७९ मा १६.५१ प्रतिशत, आव २०७७/७८ मा १३.०६ प्रतिशत, आव २०७६/७७ मा ११.८४ प्रतिशत, आव २०७५/७६ मा २२.५ प्रतिशत, आव २०७४/७५ मा १७.५ प्रतिशत लाभांश वितरण गरेको थियो ।

साथै, बैंकले आव २०७३/७४ मा १०५.२६ प्रतिशत, आव २०७२/७३ मा ३५.०८ प्रतिशत, आव २०७१/७२ मा ४४.२१ प्रतिशत, २०७०/७१ मा ५१.५ प्रतिशत लाभांश वितरण गरेको इतहिास छ ।

# स्थितिगत्यात्मक प्रगतिवादबारे संगोष्ठी

ललितपुर/ ललितपुरस्थित काठमाडौं विश्वविद्यालय परिसरमा 'समकालीन नेपालमा स्थितिगत्यात्मक प्रगतिवादको सान्दर्भिकता' विषयक राष्ट्रिय संगोष्ठी सम्पन्न भएको छ। सिद्धान्तबारे अनुसन्धान एवं वैचारिक विमर्श अगाडि बढाउने उद्देश्यले संगोष्ठी आयोजना गरिएको सहृदयता समाज नेपालले जानकारी दिएको छ।

प्रसिद्ध शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले उद्घाटन गरेको संगोष्ठीमा काठमाडौं विश्वविद्यालयका प्राध्यापक, वरिष्ठ मनोचिकित्सक, सांस्कृतिक चिन्तक एवं लेखक प्रा.डा.अजय रिसालले 'श्रीमद्भगवद्गीताको आलोकमा स्थितिगत्यात्मकता' शीर्षकमा बीज-वक्तव्य (कीनोट स्पीच) दिए। उद्घाटन सत्रमा प्रा.डा.कोइराला र प्रा.डा.रिसालका साथै अर्थविद् प्रा.डा.चन्द्रमणि अधिकारी, सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति एवं प्रसिद्ध साहित्यकार डा.टी.एन.जोशी, नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक सङ्घका सभापति प्रा.डा.मुकुन्दप्रसाद लामिछाने र डिभाइन पाथ इन्टरनेसनलकी अध्यक्ष एवम् योगाचार्य एवं समाजशास्त्री योगिनी सरितानन्दीलगायतले मन्तव्य राखेका थिए।

संगोष्ठीको समापनसत्रमा प्रसिद्ध संस्कृतिविद् प्रा.डा.वीणा पौड्याल, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं समालोचक प्रा.डा.लक्ष्मणप्रसाद गौतम, सुदूरपश्चिम विश्वविद्यालयका सहप्राध्यापक एवं गीता फर् लाइफ अभियानका अभियानकर्ता डा.हरिश्चन्द्र कमली, प्रा.डा.नारायणप्रसाद गड्तौला र सहृदयता समाज नेपालका अध्यक्ष सुशील गौतमलगायतले मन्तव्य राखेका थिए।



दुइटा सत्रहरूमा प्यानल डिस्कसन ( विद्वत् विमर्श) भएको संगोष्ठीमा विभिन्न विश्वविद्यालयका प्राध्यापक, अनुसन्धाता तथा पेशाकर्मीहरूले स्थितिगत्यात्मक प्रगतिवादका विभिन्न आयामहरूबारे विचारविमर्श गरेका थिए। तीनवटा समानान्तर सत्रमा २३ जना शोधार्थीले आ-आफ्ना कार्यपत्र प्रस्तुत गरे। काठमाडौं विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागका विभागीय प्रमुख, जरोकिलो महाअभियानका संकल्पकर्ता एवं सिद्धान्तकार डा.निर्मलमणि अधिकारीले वि.सं.२०७६ मा नौवटा प्रवचन-शृङ्खलामार्फत् 'स्थितिगत्यात्मक प्रगतिवाद' सिद्धान्तको व्याख्या गरेका थिए।

वैदिक दर्शनका आधारमा डा. अधिकारीले सामाजिक-सांस्कृतिक एवं अर्थराजनीतिक दृष्टिकोणबाट समाज विकासको सिद्धान्त प्रस्तुत गरेका हुन् ।यसबारे विभिन्न भाषामा पुस्तकहरू, अनुसन्धानपत्र तथा लेखहरू प्रकाशित भइसकेका छन्। डा.अधिकारीद्वारा प्रतिपादित ११ वटा सिद्धान्त एवं अवधारणामा केन्द्रित रही निकट भविष्यमै अन्तर्राष्ट्रिय संगोष्ठी समेत आयोजना गरिने जानकारी सहृदयता समाजका अध्यक्ष गौतमले दिएका छन्।

# मेलम्चीको पानी ल्याउँदा सम्मान

काठमाडौं/ खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकावासीका लागि समयमै मेलम्चीको पानी ल्याउन सफल भएको भन्दै सम्मान गरिएको छ।

मन्त्री यादवले खानेपानी मन्त्रालय सम्हालेपश्चात हालसम्म उनले सम्पादन गरेको कार्य प्रशंसनीय भएको भन्दै काठमाडौं उपत्यका मेलम्ची खानेपानी संघर्ष समितिले कोटेश्वरमा स्वागतम् तथा धन्यवाद ज्ञापन कार्यक्रम-२०८१ को आयोजना गरी सम्मान गरिएको हो।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले काठमाडौं उपत्यकाबासीका लागि बाह्रै महिना शुद्ध र स्वच्छ पानी उपलब्ध गराउन आफू पूर्णप्रतिबद्ध रहेका बताए। मन्त्री यादवले काठमाडौं उपत्यकामा खानेपानीको समस्यालाई अल्पकालीन र दीर्घकालीन रूपमा समाधान गर्न सरकारले ठोस कदम चालिरहेको बताए। उनले मानिसलाई पानी नभई नहुँने चिज हो, पानी बिना बाच्न सकिँदैन, काठमाडौं उपत्यकाको खानेपानी समस्या समाधानका लागि ठोस कदम चाल्ने जानकारी पनि दिए।

काठमाडौं उपत्यकामा हेलम्बुवासी, नागरिक समाज एवं जनप्रतिनिधिहरुको साथ र सहयोगका कारण यसवर्ष समयमै मेलम्चीको पानी ल्याउन सफल भएको उनले बताए। इतिहासमै पहिलो पटक वर्षायामपछि समयमै मेलम्चीको पानी काठमाडौं उपत्यकामा ल्याउन आफ्नो प्रयास सफल भएको बताउँदै मन्त्री यादवले काठमाडौं उपत्यका मेलम्ची खानेपानी संघर्ष समितिले गरेको सम्मानले आफूलाई गर्व र थप काम गर्न प्रेरणा प्रदान गरेको बताए।

सोही कार्यक्रममा बागमती प्रदेशसभा सदस्य सुनिल के.सी.ले यसवर्ष समयमै मेलम्ची लगायतका क्षेत्रबाट पानी ल्याएर नागरिकलाई सुविधा दिइएकोमा मन्त्री यादवको खुलेरै प्रसंशा गरे।

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

एस्पायर एच.आर.कन्सल्ट प्रा.लि.परिवार

काठमाडौं

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

आई.डि.बि.ग्लोबल प्रा.लि.परिवार

काठमाडौं

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ए.वान बिल्डर्स प्रा.लि.परिवार

काठमाडौं

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अलाइन्स फर डेमोक्रेसी एण्ड डिभलोपमेन्ट परिवार

काठमाडौं-१४, कलंकी

गम्भीर बहादुर हाडाको

बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।

# ममताको 'डिम्पल सुहाउने' सार्वजनिक

काठमाडौं/ ममता नेपालीको स्वरमा रहेको गीत 'डिम्पल सुहाउने .............' सार्वजनिक भएको छ। उनलाई टेक विसीले स्वरमा साथ दिएको गीतको भिडियो पनि सार्वजनिक गरिएको हो।

भीम विसीको शब्द र संगीत, केशव बडुको म्युजिक रेकर्ड एवं श्याम श्वेत



रसाइलीको मिक्सिङ/माष्टरिङ रहेको बताइएको छ।विक्रम चौहानको निर्देशन एवं कोरियोग्राफ रहेको गीतको भिडियोमा आश्मा विश्वकर्मा र सुन्दर घलानलाई फिचरिङ गरिएको छ। पवन सुशलिङ र टिमको छायांकन रहेको गीतको भिडियोमा मनोज कार्कीको सम्पादन र कलर रहेको छ।

'हामी सबैको मिहिनेतले एउटा राम्रो सिर्जना दर्शक/श्रोतामाझ ल्याएका छौं, सबैले मन पराइदिनुहुन्छ भन्नेमा आशावादी छौं', संगीतकार भीमले सार्वजनिक समारोहमा भने। ममता नेपालीको औपचारिक रूपमा सार्वजनिक यो पहिलो गीत हो। गीतको भिडियो साइराम पिक्चर्सको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ।

ममता सानैदेखि गीत संगीतमा रुचि राख्ने मानिस रहेको जानकारी दिइएको छ। पढाइको सिलसिलामा काठमाडौं बस्दै आएकी उनी आफ्नो गीतबाट स्रोताको माया पाउनेमा आशावादी रहेकी छिन्।

# विवेक र वृजेशको 'आउन फर्की'

काठमाडौं/ 'आउन फर्की ....' बोलको गीत सार्वजनिक भएको छ। वृजेश श्रेष्ठको रचना तथा विवेक महर्जनको निर्देशनमा गीत सार्वजनिक गरिएको हो।गीतमा उन्नत



उप्रेती, श्वेता मिश्र र क्रान्ति शाहको अभिनय रहेको बताइएको छ।

निष्ट स्टुडियोको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको भिडियोमा माया प्रेमका विषयबस्तुहरू समावेश छन्।एउटा केटाले एउटी केटीको लागि कसरी प्रेम दर्शाउँछ र केटीले केटाप्रतिको आकर्षण बढाउँदाबढाउँदै कोही दोस्रो व्यक्तिले उनीहरूको प्रेममा लगाएको गिद्दे नजरलाई गीतमा प्रस्तुत गरिएको छ। उक्त भिडियो सार्वजनिक भएको एक दिनमै १२ लाखभन्दा बढि पटक हेरिएको जनाइएको छ।

# गिलानीसँग ढकालको भेटवार्ता

काठमाडौं/ प्रतिनिधि सभाका सदस्य एवम् पूर्वमन्त्री एकनाथ ढकालले पाकिस्तानको सिनेटका अध्यक्ष युसुफ राजा गिलानीसँग उनको सरकारी निवास इस्लामावादमा शिष्टाचार भेटगरेका छन्। भेटमा नेपाल र पाकिस्तानबीच पारस्परिक हित र द्विपक्षीय सहयोगलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको बताइएको छ।



सांसद ढकालले इन्टरनेशनल कन्फरेन्स अफ एसियन पोलिटिकल पार्टिस ( आइक्याप) का सहअध्यक्ष सिनेटर मुशाहिद हुसेन सैयद र अन्य पाकिस्तानी नेताहरुसँग पनि भेटर्वाता गरेका जनाइएको छ। प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सदस्य ढकाल अन्तर्राष्ट्रिय फौजदारी अदालत र कानूनको शासन सम्बन्धी १३औं संसदीय परामर्शदात्री सम्मेलनमा भाग लिन हाल पाकिस्तानमा छन्। परिवार दलका अध्यक्ष ढकालसँगै नेपाल परिवार दलका महामन्त्री सन्तोष पौडेल भ्रमणमा सहभागी भएका जनाइएको छ।

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

केदार भण्डारी (प्रमुख) तथा

इनरुवा नगरपालिका परिवार, सुनसरी

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोपाल पोखरेल (अध्यक्ष) तथा

इनरुवा सेवा समाज परिवार

काठमाडौं

# What Language Did Mughals Speak ?

**Faham Hassan**

The Mughals experienced an evolution of languages during their rule in South and Central Asia. The Mughal Empire existed between 1526–1857 and this really is a large period of time. Mughals were an extension of the Timurid Dynasty and Timurids belonging to Central Asia, natively spoke the Turkic Chagatai language. In fact, the founder of Mughal Empire, **Zahîr ud-Dîn Muhammad Babur'**s autobiography *"Baburnama"* also knownas *"Tuzk-i-Baburi"* was originally written in Chagatai, though it was later translated in Persian and Urdu. One thing to remember is that, Timurid-Mughals and their ancestors from the Timurid Empire*(Irân o Turân)* of A**mir Tamerlane** were all fond of Persian language and Persianate civilization. During Tamerlane's rule in Samarkand and Bukhara, he commenced the "Timurid renaissance" which marked the pinnacle era of Persianate architecture, which was to be followed by the Timurid-Mughals in their territory too. Prior to Babur's invasion and existence of Mughal Empire, Persian language was already the lingua franca of the Sultanate *(founded by Qutub ud-Din Aibak of Lahore; 1206),* so it remained the official language afterwards. This shows the influence of Persian language in South Asia and the Mughals' fascination with it. Persian also connected the Mughals with other two gunpowder Empires *(Safavids and Ottomans)* and others parts of the Persianate world.

The national language of Pakistan, Urdu is a Persianized language and was always known in history as language of the elite. As the time passed, Urdu became more and more influential in Mughal courts and hence, was given official status. Urdu was not merely an official language but also the language of art and literature in the Mughal Empire and therefore, the later Mughal Emperors were native Urdu-speakers who spoke official languages, Urdu and Persian at there courts and were well-aware of their ancestral Chagatai Turkic language at the same time. In fact, Urdu as a language has vocabulary composition from both Persian and Turkic languages, so it automatically became the most agreeable language for official use. The last Mughal Emperor, **Bahadur Shah Zafar** was also an exceptional Urdu poet. Today, in the **Islamic Republic of Pakistan**, Urdu is the national, official, lingua franca of the masses. There you go. That is the answer. (Quora)

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त पाठक वर्ग, विज्ञापनदाता, वितरक लगायत देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लोकतन्त्रप्रति पूर्ण समर्पित साप्ताहिक नयाँ विमर्श Naya Bimarsha Weekly

परिवार

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

एच.आर.क्यापिटल नेपाल परिवार

काठमाडौं–३, महाराजगञ्ज

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

परिवर्तन कानूनी केन्द्र प्रा.लि.परिवार

काठमाडौं–११, बबरमहल

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी

काठमाडौं - ११, काठमाडौं

सम्पर्क नं. ९८४१७२५६६२

## संशोधनविरुद्ध ...

राष्ट्रियसभा सदस्य वृषेशचन्द्र लालले काँग्रेस र एमालेको भ्रष्टाचारको संरक्षण र मधेशी-थारुलाई राज्यको मामिलाबाट सकेसम्म वहिष्कृत गर्ने यी दुई प्राथमिकता र अजेन्डा रहेको बताउँदै स्थायित्वका कुरा गर्नेहरु कस्तो स्थायित्व चाहन्छन् भनी प्रश्न गरे। उनले काँग्रेस-एमालेको अनौठो गठबन्धन निर्वाध सुन तस्करी, भूटानी शरणार्थी काण्ड, ललिता निवास जग्गा घोटाला, गिरी टीबन्धु स्टेट घोटाला, सहकारीको अर्बौं रकम हजमपच जस्ता भ्रष्टाचारको काण्ड र भ्रष्टाचारीहरु संरक्षण तथा यस्तैको निरन्तरताको निमित्त स्थायित्वको कुरा गर्छन् भन्ने आरोप लगाए।

दुई दलीय व्यवस्था ल्याएर काँग्रेस एमाले मात्र शासन गर्न खोजेको बताउँदै उनले कहीँ न हुने यस्तो गठबन्धनको यात्रा यसैको निमित्त भएको दाबी गरेका छन्। अध्यक्ष लालले संविधानको उल्टो संशोधनको कुरा गर्नेलाई मधेशी र थारुले उटाई दिने र यसको निमित्त जस्तो संघर्ष गर्नु परे पनि गर्न संयुक्त मधेश संघर्ष समिति तयार रहेको चेतावनी दिए।

तमलोपाका वरिष्ठ नेता तथा संविधानसभा सदस्य डा. विजय कुमार सिंहले वर्तमान निर्वाचन पद्धतिको पैसा, जात, धर्म, प्रशासनिक हस्तक्षेप, पार्टीमा नेताको तानाशाही जस्ता विकृतिको अन्त्य र समुचित समावेशी प्रतिनिधित्वको निमित्त समावेशी समानुपातिक निर्वाचन पद्धति नै एक मात्र समाधान हो बताए। यसमा पार्टीको कार्यक्रममाथि जनताले वोट गर्ने छन्, नेताहरु समूहहरुबाट जनाधारप्राप्त र लोकप्रियहरुलाई उम्मेदवार बनाउन बाध्य हुनेछन्, नातावाद, पैसा, जात, धर्म र प्रशासनिक चलखेल न्यून हुनेछ तथा पार्टीहरुमा आन्तरिक लोकतन्त्रको वृद्धि हुन्छ, भने। जबर्जस्ती संविधान जारी गर्दा संविधानसभाको मंचबाट अब देश सहमतिको आधारमा चल्ने र जनताको आकांक्षा अनुरुप संविधानको संशोधन हुने भनेका नेताहरु जनतालाई धोखा दिइरहेको आरोप लगाए।

मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको संयोजक र संविधानसभा सदस्य जगतप्रसाद यादवले वर्तमान काँग्रेस र एमालेको गठबन्धन जनता र सिमान्तिकरणमा परेका समूहहरुले पाएको केही अधिकार पनि खोस्न थालेको आरोप लगाए। संविधानसभा सदस्य एकीकृत समाजवादीको नेता शीतल झाले मधेशविरुद्ध भइरहेको षडयन्त्र विरुद्ध सबै पार्टीका मधेशी नेताहरू एक ठाउँमा आउनुपर्ने विचार राखेका थिए।

खबरदारीसभामा मधेश सरकारका पूर्व मन्त्री मधेश प्रदेशमा माओवादी संसदीय दलको नेता भरत साह, नेसपाको अध्यक्ष रामकुमार महतो, जनाधिकार पार्टीको अध्यक्ष इमदाद गद्दी, मधेशी राष्ट्रिय मुक्ति मोर्चा महोत्तरीको अध्यक्ष बिजय यादव, तमलोपाका नेताहरु जोगिन्दर राय तथा बिमला साहले पनि मन्तव्य राखेका थिए। महोत्तरी गाउँपालिकाको अध्यक्ष दिलिप पाण्डेको सभापतित्वमा भएको उक्त खबरदारीसभाको उद्घोषण तमलोपाको धीरेन्द्र सिंहले गरेका थिए।

## विज्ञापन ...

यसैगरी सञ्चार माध्यमसँग सार्वजनिक खरिद ऐन अनुरुप न्यूनतम दररेट माग गरी बोर्डको वेभसाइटमा सार्वजनिक गरेको छ। विज्ञापनको कारोवार गर्दा सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि राखेरमात्र विज्ञापन एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्न निर्देशन जारी गरेको बताइएको छ। विज्ञापन कारोबार गर्ने सञ्चार माध्यम तथा विज्ञापन एजेन्सी बोर्डमा सूचीकृत हुनुपर्ने प्रावधान राखेको छ। नियमित प्रकाशन नगर्ने तर लाखौंको विज्ञापन संकलन गर्ने प्रयोजनकै लागि पत्रिका वा स्मारीका प्रकाशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था गरिएको बोर्डले जनाएको छ।

विज्ञापन बजारको अनुगमन तथा नियमन कार्य बोर्ड एक्लैले नसक्ने भएकोले बोर्डले प्रदेश स्तरीय विज्ञापन (नियमन निर्देशिका) को नमुना तयार गरी सातवटै प्रदेशमा पठाएको छ। यसैगरी वाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) मार्फत हुने विज्ञापनमा पारदर्शीता कायम गर्न बोर्डले स्थानीय तहको विज्ञापन ऐनको नमूना कानून निर्माण गरी सात सय ५३ वटै पालिकामा पठाएको छ।

बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंहोर्डिङ्ग बोर्ड राख्न स्थानीय तहबाट अनुमति लिनु पर्ने व्यवस्था विज्ञापन ( नियमन गर्ने) ऐन, २०७६ को दफा ४ मा रहेकोमा अधिकांश स्थानीय तहले अनुमति प्रदान नगरेकै कारण राजश्व गुमेको निष्कर्ष अध्ययनको रहेको भनी जानकारी गराएका छन्।

मेला महोत्सव, नाचघर, नाट्यशाला तथा चलचित्र घरमा हुने विज्ञापनको समेत राजश्व संकलन हुन नसकिरहेको सन्दर्भमा बोर्डले सो क्षेत्रको राजश्व समेत स्थानीय तहले नै संकलन गरी आफ्नो आम्दानी बढाउन सक्ने गरी कानूनको नमुना बनाइएको अध्यक्ष हुमागाईले जानकारी दिएका छन्।

यसैगरी सामाजिक सञ्जालमा हुने विज्ञापन नियमन गर्न विज्ञापन ऐनमै संशोधन वा सामाजिक सञ्जालको विधयेकमा व्यवस्था गर्न लागिएको हुमागाईले जानकारी गराएका छन्। सामाजिक सञ्जालमा विज्ञापन गर्दा विदेशी मुद्रा पठाउनु पर्ने र त्यसमा नियामक निकाय विज्ञापन बोर्डको अनुमति चाहिने नेपाल राष्ट्र बैकको प्रावधान रहेको छ।

## बन्द ...

दीपा प्रधान, इन्जिनियर प्रशान्त अधिकारी, जिसस सचिवालयका प्रेमकुमार दङ्गाल, लोकप्रिय नेत्रज्योति सञ्चार समूहका प्रबन्ध निर्देशक नेत्रबहादुर बस्नेत पनि सहभागी रहेका थिए। उक्त टोलीले चौतारा साँगाचोकगढी नगरपालिका-११ मा सञ्चालनमा आएका क्रसर उद्योगहरुको स्थलगत अनुगमन गरेको थियो।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी किरण थापाले चौतारा साँगाचोकगढी नगरपालिका-११ मा मात्र होइन जिल्लाका सबै सञ्चालनमा आएका क्रसर उद्योग, क्रसर उद्योग सञ्चालकले आसपासका खोलामा अनुगमन गरिने जानकारी दिएका छन्। यसैगरी अवैध रुपमा भएको उत्खननलगायतका बारेमा स्थलगत अनुगमन गरी आवश्यक कानूनी कारबाही गरिने उनले जानकारी दिएका छन्। जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठले हरेक पटक सम्झाउँदा पनि अटेर गरी गत बर्षको स्टक सामानहरु समेत नदेखाएकाले क्रसर उद्योगहरुमाथि स्थलगत अनुगमन गरी कानून विपरित गर्नेलाई कारबाहीको दायरामा ल्याउने दाबी गरेका छन्।

जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोष खड्काले जिल्लामा सञ्चालनमा रहेका क्रसर उद्योगका बारेमा व्यापक गुनासो आएकाले टोलीले अनुगमन थालेको बताए। उनले कतिपय क्रसर उद्योग सडकदेखि पाँच सय मिटरको दूरीभित्रै सञ्चालनमा ल्याइएको अवस्थामा फेला परेकाले त्यस्ता क्रसर उद्योगका बारेमा अब छिट्टै स्थानीय प्रशासनले कानूनी कारबाहीको प्रक्रिया थाल्ने बताए।

सिन्धु स्टोन एण्ड कन्ट्रक्सन, श्री कालिञ्चोक भगवती एग्रीगेट इन्डस्ट्रीज प्रा.लि., बनदेउ क्रसर उद्योग र बच्छलादेवी एग्रीगेट क्रसर उद्योगहरुमा गरिएको अनुगमनका क्रममा अवैध रुपमा उत्खनन् गरिएको बालुवासहित टिपर आवश्यक कारबाहीका लागि नियन्त्रणमा लिइएको जनाइएको छ। बच्छलादेबी एग्रीगेटका सञ्चालक इन्द्रराज गिरीले नदीबाट बालुवा निकाल्नका लागि २ ड्रम डिजेल समेत नदीमा लगेको र अनुगमनका क्रममा स्काइभेटरलाई कुनामा नदेख्ने गरी लुकाइएको भिडियो र फोटो खिचेपछि फोटो नखिच्न र भिडियो नबाउन भन्दै पत्रकार नेत्र बस्नेतमाथि अभद्र व्यवहार गरेको जानकारी बस्नेतले दिए।

अनुगमनका क्रममा अरु क्रसरका व्यवसायीहरुले नियमानुसार कार्य गर्ने प्रतिबद्धता जनाएपनि गिरीले भने नगरपालिकाको लापरबाहीका कारण ठेक्का नलागेको, आफूले बुझाउन पर्ने कर समेत नगरपालिकाले बुझ्न नमानेको बताउँदै खोलामा लुकाई राखेको स्काइभेटर र डिजेल नगरपालिकाको भएको बताए।

सिन्धुपाल्चोकमा सञ्चालनमा रहेका कुनै पनि उद्योगहरूले मापदण्ड पूरा नगरेको बताइएको छ।

## राष्ट्रिय ...

सम्बोधनको क्रममा नेताहरुले मुलुकलाई विकसित मुलुकको रुपमा लैजान सबैभन्दा ठूलो बाधक नै भ्रष्टाचार हो भन्ने विषयलाई जोड दिएका थिए। मुलुकमा ठूला दलका शीर्ष नेताहरुको श्रोत नखुलेको सम्पत्ति छानविन गरी राष्ट्रियकरण गर्ने हो भने १० वर्षलाई मुलुकको बजेट बन्छ भन्ने ठहर राष्ट्रिय मातृभूमि पार्टीको रहेको भनाई पार्टीका बरिष्ठ नेता क्याप्टेन के.बी. लिम्बुले राखेका थिए।

लिम्बुले भ्रष्टाचारीलाई मृत्युदण्डको सजाय व्यवस्था गर्नुपर्ने र राष्ट्रिय मातृभूमि पार्टी सत्तामा गएको दिन भ्रष्टाचारीलाई मृत्युदण्ड दिने व्यवस्था गरेरै छाड्ने अठोट समेत व्यक्त गरे। ३४/ ३५ वर्षसम्म पनि सत्तामा बसेर मुलुक र जनताको लागि बर्बादीबाहेक केही पनि नगरेका दल र तिनका नेतालाई विश्राम गर्नुको विकल्प नभएको नेता लिम्बुले बताएका थिए। सानोबाट नै ठूलो हुने यी भ्रष्टाहरुको विरुद्धमा राष्ट्रिय मातृभूमि पार्टीले देशव्यापी अभियान चलाएर यिनीहरुको भण्डाफोर गरेरै छाड्ने पार्टीका अध्यक्ष, महासचिव लगायतका नेताहरुको उद्घोष थियो।

## सिमेन्ट ...

करोड ७१ लाख, अवकास प्राप्त कर्मचारीहरुको ३२ करोड ४७ लाख, कर दायित्व १६ लाख, बैंक ऋण २ करोड, विद्युत प्राधिकरण डेडिकेटेड लाइन ३३ करोड ६४ लाख र कोइला तथा अन्य सामान सप्लायर्स दायित्व ६१ करोड ३१ लाख रहेको छ।

उद्योगका केमिष्ट तथा वरिष्ठ अधिकृत (सहायक नायव महाप्रबन्धक) कोविद काफ्लेका अनुसार अन्य दायित्वका कुरा छाडेर तत्काल उद्योग संचालनकालागि ५५ करोड रुपियाँ आवश्यक भएको र सरकारले यो उद्योग संचालन गर्न निजीकरणको बाटोमा नगई भाडामा दिएर संचालनको बाटो रोज्नु उपयुक्त हुने छलफलमा जानकारी गराए।

छलफलमा बसेको एमालेको तर्फबाट एमालेकी पोलिटव्युरो सदस्य तथा संविधानसभा सदस्य मञ्जुकुमारी चौधरीले उद्योग उदयपुरको गौरव र गहनाको रुपमा रहेकोले यसलाई निजीकरण हुनबाट बचाएर संचालन गर्न कसरी सहज हुन्छ मन्त्री स्तरमा, मन्त्रिपरिषद्मा छलफल गरेर अघि बढ्नु उचित हुने धारणा राखिन्। उनले कर्मचारी तथा मजदुरहरुले पनि यो मेरो उद्योगको मात्र नभएर जीविकोपार्जन गरिरहेको रोजगारदाता भएकोले मैले इमान्दार भएर काम गरेमा यसको उन्नति प्रगति हुन्छ र मेरो भविष्य पनि यसले बनाउँछ भन्ने सोच राखेर काम गर्नुपर्ने धारणा पनि राखिन्।

एमालेका केन्द्रीय सदस्य अम्बिका थापाले उद्योगको समग्र वर्तमान अवस्था अध्ययन गरेर सुधारकालागि आवश्यक पहल र छलफल गर्दा राम्रो हुने र उद्योग स्थानीय जनताको हितमा सचालन हुनुपर्ने बताइन्।

एमाले कोशी प्रदेश कमिटीका सदस्य तथा उदयपुर निर्वाचान क्षेत्र नं.२ का प्रतिनिधिसभा सदस्य अम्बर बहादुर रायमाझीले उद्योगलाई निजीकरणबाट जोगाएर संचालन गर्न सकिने उपायका बारेमा उद्योगमन्त्री, प्रधानमन्त्री तथा अर्थमन्त्रीसँग छलफल गरेर अघि बढ्नुपर्ने धारणा राखे।

छलफलमा यसअघि पनि उद्योगमन्त्रीसँग छलफल भएको तर उद्योगमन्त्री सकारात्मक नभएको हुँदा उद्योगको अवस्था झन कमजोर भएकोले पुनः एक पटक उद्योग बचाउनकालागि अनुरोध गर्ने र केही नलागेमा निजीकरण नगरी भाडामा दिएर संचालनको मोडालिटी बनाउने कुरामा सहभागी सबै सहमत भएका थिए।

सोमबारको छलफलमा उद्योगका तर्फबाट वरिष्ठ इन्जिनियर हरि अधिकारी, गंभीरजंग खत्री लगायतका सहभागी भएका थिए। यसैगरी एमालेका तर्फबाट पोलिटव्युरो सदस्य मञ्जु चौधरी, केन्द्रीय सदस्य अम्बिका थापा, कोशी प्रदेश कमिटी सचिवालय सदस्य इश्वरमणि राउत, उदयपुर २ का प्रतिनिधिसभा सदस्य अम्बर बहादुर रायमाझी, कोशी प्रदेश सभा सदस्य गीता रेग्मी, उदयपुर जिल्ला कमिटी अध्यक्ष भागवत राउत, सचिव टेकबहादुर राउत, उपसचिवद्वय गंगा राई र हेम खड्का लगायत सहभागी रहेका थिए।

## नेता ...

दिनअघि माओवादीले सरकारको खबरदारी गऱ्यो। सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालको हातमा ७८ लाख पर्ने घडी छ भनिन्छ।

अनि आफैं भ्रष्टाचारी भएको व्यक्तिले अरुको खबरदारी गरेको सुहाउँछ ? राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन भ्रष्टाचार गर्नु आमाको रगत खानुसरह हो भन्छन् तर अहिले उनको सम्पत्ति छानविन गरेमा उनी पनि एक नम्बरमै आउने चर्चा छ। चित्रबहादुर के.सी. र प्रेम सुवाल पनि आफ्नो सम्पत्ति सार्वजनिक गर्दैनन्।

यसका कारण उनीहरु पनि भ्रष्टाचारी नै रहेको जनता बताउँछन्। देश र जनताको गीत गाएर र राजनीतिक दलको खोल ओढेर नेताहरुले देश नै बेचिसकेका छन्। जनताले तिरेको करमा मोजमस्ती गरिरहेका छन्। सरकारी कर्मचारी त झनै भ्रष्टाचारी भइहाले। कसरी भ्रष्टाचार गर्ने वा घुस खाने भन्ने मात्र उनीहरुको मतलवको विषय हो।

हामीकहाँ सरकारी कर्मचारीलाई राष्ट्रसेवक भनिने गरिएको छ तर कर्मचारी देश र जनताका लागि विषालु सर्प बनेका छन्। अहिले बहालवाला होस् या पेन्सनवाला कर्मचारी भन्छन्, 'नेताले देश बिगारे।' आफू घुस खाने, भ्रष्टाचार गर्ने अनि दोष चाहिँ नेतालाई मात्र लगाउने ! देश बिगार्नुमा कर्मचारी र नेता दुवैको बराबरी हात छ।

नेताहरु अहिले पनि हामी देश बनाउँछौ भनेर जनतालाई भ्रममा पारिरहेका छन्। देश नै नरहेपछि कुन देश बनाउँछन् कुन्नि ! देशै धितो राखेर विदेशीसँग २७ खर्ब ऋण लिइसके। अझै लिने क्रम जारी छ। अहिले सरकार एउटासँग ऋण लिएर अर्काको साँबाब्याज तिरिरहेको छ तर कतिञ्जेल यस्तो चल्छ ? विदेशीले ऋण दिन छोड्नासाथ देश तहसनहस हुने छ।

अहिले ऋण दिएका देशहरु नै नेपाल आफ्नो स्वामित्वमा राख्न हानाथाप गर्ने छन्। अब त कसैले हामीलाई हाम्रो राष्ट्रियता सोधेमा नेपाली समेत भन्न नसकिने अवस्था निम्तिएको छ। सयौं वर्षअघि मुलुकको भूभाग धेरै थियो तर भारत र चीनले नेपालको अधिकांश भूभाग कब्जा गऱ्यो। बाँकी भएको भूभाग पनि सरकारी कर्मचारी र नेता मिलेर बेचिसके।

अहिले अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत विकसित मुलुकमा रहेका नेपाली सामाजिक सञ्जालमार्फत नेपालमा विकास नभएको गुनासो गर्छन्। आफू प्लस टु पढ्नेबित्तिकै विदेश पलायन हुने अनि त्यता बसेर मातृभूमिलाई गालीगलौज गर्ने ! यदि उनीहरु साँच्चिकै नेपाली भएको भए आफ्नै देशमा बस्थे।

आफ्नो देशमा ठूलोसानो रोजगारी गर्थे। राज्यलाई कर तिर्थे। भ्रष्टाचार व्यापक भएमा भ्रष्टाचार विरोधी अभियान चलाउँथे। आफ्नो कर्तव्य र दायित्व पूरा नगर्ने अनि अधिकार मात्र खोजेर हुन्छ! जनतालाई विकसित मुलुक जान पाए पुग्ने अनि कर्मचारी र नेतालाई भ्रष्टाचार, मोजमस्ती गर्न पाए पुग्ने। यति भएपछि देश कसरी विकास हुन्छ ?

मुलुकमा राजनीतिक परिवर्तनका निम्ति विभिन्न मितिमा धेरै चोटी आन्दोलन भयो। जनताको बलमा राजनीतिक परिवर्तन भयो। राजनीतिक परिवर्तन त भयो तर देश झनै खोक्रो भयो। कर्मचारी र नेताले भ्रष्टाचार गरे अनि व्यापारीले राजश्व छले। नेता, कर्मचारी र व्यापारीले मिलेर देश टाट पल्टाइसकेका छन्।

मुलुकको अर्थतन्त्र धरायसी अवस्थामा पुगिसक्यो। सरकारी तथ्यांकअनुसार नै राजश्व उठ्न छोडेको छ भने खर्च दिनानु दिन बढ्दो छ। मुलुकमा उद्योग, कलकारखाना केही पनि छैन। राज्यसँग राजश्व उठाउने स्रोत नै छैन। जनताको लगानी घरजग्गा र गाडीमा मात्र छ। यसमा करोडदेखि अर्बसम्म लगानी गरिएको छ।

यसको राजस्व राज्यले पाएको छैन। राज्यको ढुकुटी रित्तिदैं गएको छ। नेताहरु अहिले पनि हामी देश विकास गर्छौं भन्छौं। यसलाई कसरी लिने ? जनताले देश खाँक्रो भएको नबुझेको कि नेताले जनतालाई उल्लु सोचेको ?

## दैलो ...

देउवासम्मको विरोधमा श्वर निकाल्दै आएका उनीहरु लेखकलाई भेटी लामिछाने छुट्ने वातावरण बनाई दिन अनुरोध गर्ने अवस्थामा पुगेका छन्। यसैगरी देउवाको चरण स्पर्श गर्नका लागि रास्वपाका नेताहरुले सन्देश पठाएको अवस्थामा देउवाले आफू यो मामिलामा केही भन्न नसक्ने अवस्थामा रहेको भनी टाढै बस्ने अवस्थामा पुगेका छन्।

महामन्त्री थापाको सत्तोसराप गर्न पछि नपर्ने उनीहरु अहिले थापासँग वार्ता गर्न चाहिरहेको अवस्था छ। यसैगरी कांग्रेस सभापति देउवाकी पत्नी समेत रहेकी परराष्ट्रमन्त्री आरजू राणा देउवासँग पनि भेट्न पाए हुन्थ्यो भन्ने अवस्थामा रास्वपाका नेताहरु पुगेका छन्। यो मामिला अदालती प्रक्रियामा रहेको अवस्थामा सरकारले चाहेर पनि केही हुन नसक्ने अवस्थालाई भने उनीहरुले बुझ्न नसकेको बताइएको छ।

यसरी ठगी प्रकरणमा अनुसन्धानमा मुछिएका लामिछाने कानूनी प्रक्रियाका कारण यो तिहारको समयमा पनि हिरासतमै रहने अवस्थामा पुगेका छन्। जनताको सानो सानो बचतमाथि गिद्दे नजर लगाई सहकारीको रकम अर्को कम्पनीमा पुऱ्याई सो रकमको दोहन गरेका लामिछाने अहिले ओठ मुख सुकेको अवस्थामा पुगेका छन्। उनको तिहारमात्र नभई लामै समय हिरासतमै गुज्रन सक्ने अवस्था रहेको बताइएको छ।

सहकारी प्रकरणमा पाँचवटा सहकारीको रकम अपचलन प्रक्रियामा लामिछानेलाई जोड्न सकिने अवस्था छ। यस्तो स्थितिमा एउटा जिल्ला अदालतको प्रक्रिया सकिनासाथ प्रहरीले अर्को जिल्ला अदालतमा लगी उनीमाथि अनुसन्धान थाल्न सक्ने अवस्था छ। यसैगरी सबै ठाउँका कानूनी प्रक्रिया तथा अदालती चक्करमा पर्दा लामिछाने वर्षौसम्म यही मुद्दामा अल्झिन सक्ने अवस्था पनि देखिएको छ।

यसरी परिवर्तनको पर्यायवाचीको रुपमा आफूलाई ठान्दै आएको रास्वपा आफ्नै नेताहरुका कारण बद्नाम बन्न पुगेको छ। यसरी रास्वपा आफ्नै धुनमा रहन पुगको अवस्थामा अन्य प्रमुख दलहरु भने उपनिर्वाचनको तयारीमा जुटेका छन्। आगामी मंसिर १६ गते रिक्त रहेका स्थानीय निकायहरुको पदमा उपनिर्वाचन हुने भएकाले सोको तयारीमा दलहरु जुटिरहेका छन्।

पहिलो चरणमा उम्मेदवार छनौट दलहरुको प्राथमिकतामा परेको छ। त्यसपछि प्रचारप्रसारलाई उनीहरुले प्राथमिकतामा राख्ने बताइएको छ। यसैगरी यो उपनिर्वाचनमा प्रमुख ठूला दलहरु कसैसँग गठबन्धन नगरी एक्लाएक्लै उम्मेदवार दिने तयारीमा रहेका छन्। यसरी एक्लाएक्लै उपनिर्वाचनमा प्रतिस्पर्धा भएको खण्डमा उनीहरुको अवस्था पनि जाँचिने बताइएको छ।

मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

एम.एन.भण्डारी एण्ड एसोसिएट्स् परिवार
काठमाडौं

Considering studying or working aboard?
Come to Joy International Language Institute
for all levels of
English and Spanish Language Classes
including IELTS, PTE, TOEFL
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




मंगलमय शुभकामना

शुभ दीपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको पावन अवसरमा समस्त देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सुस्वास्थ्य एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

इन्टरनेशनल स्टुडेन्ट्स् प्यारेन्ट वेलफेयर सेन्टर नेपाल परिवार
काठमाडौं-११, बबरमहल




# वालिङको शिक्षा क्षेत्र विवादित




स्याङ्जा/ स्थानीय तहका जनप्रतिनिधिले जनअपेक्षाअनुसार काम गर्न नसकेको गुनासो बढ्दै जाँदा स्याङ्जाको वालिङ नगरपालिका विवादको चाङमापरेको छ ।

गैहकानूनी हिसाबले शिक्षक सरुवाको घटनाले वालिङ नगरपालिका पुन विवादित बन्न पुगेको हो । यसअघि शिक्षा ऐन संशोधनको विषय सर्वोच्च अदालतसम्म पुगेको थियो । जनताको घरदैलोको सरकारको रुपमा रहेका स्थानीय तहमा जनप्रतिनिधिको मनपरी र कर्मचारीको लापरबाहीले बेतिथि निम्त्याएको आरोप लाग्दै आएको छ ।


गत असोज १३ गते वालिङ नगरपालिका ५ स्थित श्री महेन्द्र माध्यमिक विद्यालयका माध्यमिक तहका स्थायी शिक्षक अर्जुन पोखेल र रणवीर जनहित माध्यमिक विद्यालयका माध्यमिक तहका स्थायी शिक्षक कमल लम्सालको सरुवालाई गैह्रकानूनी भन्ने दाबी गरिन थालिएको छ ।

वालिङ नगरपालिकाको शिक्षा शाखा प्रमुख र रणवीर जनहित माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मीप्रसाद रेग्मीको मिलेमोतोमा सरुवा गरिएको समाचार स्रोतले जानकारी दिएको छ । यो विवाद अहिले वालिङमा मात्र नभई शिक्षा तथा मानव स्रोत विकास केन्द्र शिक्षक व्यवस्थापन विभागसम्म पुगेको बताइएको छ । रेग्मीले आफू अनुकुलको शिक्षक सरुवा गरी आफू कार्यरत विद्यालयमा ल्याउन यो कर्ममा साथ दिएको बताइएको छ । उनले शिक्षा शाखा प्रमुख काफ्लेलाई प्रभावमा पारेपछि काफ्लेले समितिका बहुमत सदस्यलाई हस्ताक्षर गराएको स्रोतको दाबी छ । समितिका एक सदस्यले आफूहरुलाई पूर्णरुपमा प्रकृया मिलेको भन्दै हस्ताक्षर गर्न बाध्य पारिएको बताएका छन् । दुवै विद्यालयको सहमतिमा सरुवा भएको भनेर आफूहरुलाई फसाइएको भनी उनको दाबी छ ।

स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षक सरुवाको अधिकार दिएको छैन । त्यसैले यो सरुवा शिक्षक सरुवा निर्देशिका २०८१ अनुसार गरिएको भनिएपनि निर्देशिकामा उल्लेख गरिएका कुनै प्रकृया अवलम्वन नगरिएको दाबी स्रोतले गरेको छ । निर्देशिकामा दरबन्दी मिलान गर्न सक्ने अधिकार भने स्थानीय सरकारलाई दिइएको छ । व्यक्ति मिलान सरुवालाई दरबन्दी मिलानको अपव्याख्या गरेर सरुवा गरेपछि गैह्रकानूनी सरुवा भएको आरोप लागेको हो ।

लम्साललाई महेन्द्र मा.वि.मा सरुवा गरेपछि उनको ठाउँमा ल्याइएका रेग्मी अनुकुलका पोखेललाई हाजिर नगराउन रणवीरका व्यवस्थापन समितिका ६ जनासदस्यहरुले नगरपालिकामा उजुरी दर्ता गरेका छन् ।










Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**